नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं
२०७९

फोन नं. : ०१-५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं
२०७९

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७७/०७८

नेपाल सरकार

**वन तथा वातावरण मन्त्रालय**

**रेड कार्यान्वयन केन्द्र**

बबरमहल, काठमाडौं

२०७९

प्रकाशकः नेपाल सरकार
**वन तथा वातावरण मन्त्रालय**
**रेड कार्यान्वयन केन्द्र**
बबरमहल, काठमाण्डौ

फोन नं. : ०१–५३३९१२६
इमेल : info@redd.gov.np
वेभसाइट : www.redd.gov.np

प्रतिलिपि अधिकार ©: २०७९, रेड कार्यान्वयन केन्द्र
प्रकाशन मितिः २०७९, असार
आवरण फोटो : आ.व. ०७१।७२ मा पुनरोत्पादन कटान पश्चात् खाडल खनी सालको वीउ रोपण गरी हुर्केका सालका लाथ्राहरू (६ वर्ष पश्चात), सिंहदर्जा सा.व., सैनामैना १०, रूपन्देही (फोटोः यज्ञमूर्ति खनाल)

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ४१ बमोजिम सार्वजनिक गरीएको

# दुई शब्द

रेड फरेस्ट्री तथा जलबायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकता प्राप्त कार्यक्रम हो । नेपाल सरकारले आ.व. २०६६/६७ देखि रेडप्लस कार्यक्रम कार्यान्वयन गरिरहेको छ । हालसम्मको करिव १० बर्षको अवधिमा तयारी चरणमा गर्नुपर्ने विभिन्न क्रियाकलापहरू सम्पन्न भएका छन् । वनजन्य पारिस्थितिकीय प्रणालीको कार्वन र गैरकार्वन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ सालमा नेपाल राष्ट्रिय रेडप्लस रणनीति, २०७५ कार्यान्वयनमा ल्याएको छ ।

नेपाल सरकार र विश्व बैंक बीच सन् २०१७ जनवरी २० मा संझौता भई नेपालमा रेडप्लस तयारीको थप क्रियाकलापहरू संचालन भईरहेकोमा आ.व. २०७७/७८ सम्ममा उल्लेख्य प्रगति हासिल भएको छ । नेपालले २०७५ मा तयार गरेको नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लाको कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालनका लागि सन् २०२१ मा कार्बन व्यापार सम्झौता गरीसकेको छ ।

यसै क्रममा कार्यक्रम कार्यान्वयन गर्ने शिलशिलामा आ.व. ०७७/०७८ को प्रगति समिक्षा तथा त्यसबाट प्राप्त गरेका सिकाईहरूलाई दस्तावेजमा उतार्ने कार्यको लागि यो प्रतिवेदन तयार गर्ने जमर्को गरिएको छ । यो पुस्तिका तयार गर्नको लागि मस्यौदा गर्ने उपसचिव श्री यज्ञमूर्ति खनाल तथा सहायक वन अधिकृत श्री सुजस प्रसाद फुयाललाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो पुस्तिका तयारी चरणमा योगदान गर्ने उपसचिव श्री शंकर अधिकारी, लेखा अधिकृत सबिता रिजाल र अन्य सहकर्मी साथीहरूलाई धन्यवाद दिन चाहन्छु । यसको साथै केन्द्र देखि स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्ने वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश वन निर्देशनालयहरू, डिभिजन वन कार्यालय, समुहहरू, सरोकारवालाहरूको सहयोगको लागी विशेष धन्यवाद दिन चाहन्छु । कार्यक्रम कार्यान्वयनका विभिन्न चरणमा सकारात्मक सहयोग गर्ने तथा सुझावहरू प्रदान गर्ने वन तथा वातावरण मन्त्रालय, केन्द्रस्तरका विभागहरू, केन्द्रहरू, कार्यालयहरू, प्रदेशस्तरका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा अन्तरगतका कार्यालय एवं केन्द्रहरूलाई हार्दिक धन्यवाद सहित भविष्यमा पनि सहयोग, सुझाव, टिप्पणी निरन्तर प्राप्त हुनेछ भन्ने आशा राखेको छु ।

अन्त्यमा, यस कार्यक्रमको तयारी चरणको अवधिमा नीतिगत निर्देशन तथा अन्य समन्वयकारी भूमिका प्रदान गर्नु हुने वन तथा वातावरण मन्त्रालय र विश्व वैंकको सहयोगी टोलीलाई विशेष आभार व्यक्त गर्न चाहन्छु ।

डा. दीपक कुमार खराल

केन्द्र प्रमुख

# प्रतिवेदनको सारांश

वन विनाश रोक्ने तथा वनको गुणस्तर खस्किन नदिने, वनको संरक्षण गरी कार्बन सञ्चिति र वनको दिगो व्यवस्थापन गर्ने र वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने क्रियाकलापहरूको समष्टिगत रूप नै रेडप्लस हो। रेडप्लस कार्यक्रम अन्तर्गत देहायका पाँच वटा क्रियाकलापहरू पर्दछन् :

(१) वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
(२) वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
(३) वन कार्बन सञ्चिति संरक्षण
(४) वनको दिगो व्यवस्थापन
(५) वन कार्बन सञ्चिति अभिवृद्धि गर्ने।

नेपालले रेडप्लस तयारी चरणका क्रियाकलापहरू आ.व. २०६६।६७ देखी संचालन गरी रहेको छ। वनजन्य पारिस्थिकीय प्रणालीको कार्बन र गैरकार्बन लाभ अभिवृद्धि गर्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले २०७५ मा नेपाल राष्ट्रिय रेडप्लस रणनीति (२०७५-२०७९) कार्यान्वयनमा ल्याएको छ। रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम वन तथा वातावरण मन्त्रालय अन्तर्गत संचालित पहिलो प्राथमिकताप्राप्त (P1) कार्यक्रम हो, यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व बैंकको समेत सहयोग रहेको छ।

नेपालले सन् २०१८ मा तयार गरेको नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्लाको कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरी रहेको छ। यो कार्यक्रमको उद्देश्य वन विनाश र क्षयीकरणका कारण र प्रभावहरू घटाई दिगो वन व्यवस्थापन गर्दै कार्बन उत्सर्जन कटौती र कार्बन सञ्चिति बृद्धि गरी कार्बन व्यापारबाट नेपालले लाभ लिने रहेको छ। नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्बन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरी सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्बन डाईअक्साइड ग्याँस उत्सर्जन कम गर्ने लक्ष्य लिएको छ। उक्त कार्यक्रम मार्फत् पहिलो छ वर्षमा उत्सर्जन न्यूनीकरण वापत् विश्व बैंकसँग कार्बन व्यापार सम्झौता गरी अन्तर्राष्ट्रिय भुक्तानी लिने गरी MRV प्रतिवेदन तयारी भइरहेको छ।

आर्थिक वर्ष ०७७।०७८ मा रेड कार्यान्वयन केन्द्र मार्फत् मूख्य गरी रेडप्लस तयारी कार्यक्रमको लागि सहयोग पुग्ने किसिमका तयारी चरणका विभिन्न क्रियाकलापहरू कार्यान्वयन गरिएको थियो। रेड प्लसको तयारी चरणमा आ.व. ०७७।०७८ मा निम्न बमोजिमको प्रमुख क्रियाकलापहरू सम्पन्न भएका थिए।

<table>
<tr><th>सि. नं.</th><th>कृयाकलापहरू</th><th>इकाई</th><th>वार्षिक लक्ष्य</th><th>प्रगति</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>समृद्धिको लागि वन परियोजनाको आधार सर्भेक्षण</td><td>प्याकेज</td><td>१</td><td>१</td><td>कोभिड १९ का कारण आ.व. ०७८।७९ मा म्यादथप भै सम्पन्न भएको ।</td></tr>
<tr><td>२</td><td>समुदायमा आधारित वनको दीगो वन व्यवस्थापन योजना तयारी</td><td>गोटा</td><td>२५</td><td>१७</td><td rowspan="2">आ.व. ०७६।७७ मा शुरू भै कोभिड १९ का कारण समयमै स्थलगत कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप भै आ.व. ०७७।७८ मा सम्पन्न भएको ।</td></tr>
<tr><td>३</td><td>स्थानीय पालिकाहरूको भू-उपयोग योजना तयारी</td><td>गोटा</td><td>२०</td><td>४०</td></tr>
<tr><td>४</td><td>सेफगार्ड सूचना प्रणाली निर्माण तथा सञ्चालन</td><td>प्याकेज</td><td>१</td><td>१</td><td rowspan="2">आ.व. ०७७।७८ मा शुरू भै कोभिड १९ का कारण समयमै स्थलगत कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप भै आ.व. ०७८।७९ मा सम्पन्न भएको ।</td></tr>
<tr><td>५</td><td>राष्ट्रिय वन तथ्याङ्क प्रणाली सञ्चालन</td><td>प्याकेज</td><td>१</td><td>१</td></tr>
<tr><td>६</td><td>चरिचरणबाट हुने उत्सर्जन सम्बन्धि अध्ययन</td><td>प्याकेज</td><td>१</td><td>१</td><td rowspan="5">आ.व. ०७७।७८ मा यी सबै कार्यहरू एउटै प्याकेजको रूपमा सञ्चालन गर्ने गरी शुरू भएकामा कोभिड १९ का कारण समयमै स्थलगत कार्य सम्पन्न हुन नसकेकोमा म्याद थप भै आ.व. ०७८।७९ मा सम्पन्न भएको ।</td></tr>
<tr><td>७</td><td>वन डढेलोवाट हुने कार्बन उत्सर्जन सम्वन्धि अध्ययन</td><td>प्याकेज</td><td>१</td><td>१</td></tr>
<tr><td>८</td><td>वनको कार्बन उत्सर्जन सम्वन्धि अध्ययन</td><td>प्याकेज</td><td>१</td><td>१</td></tr>
<tr><td>९</td><td>रूख कटानीवाट हुने उत्सर्जन सम्वन्धि अध्ययन</td><td>प्याकेज</td><td>१</td><td>१</td></tr>
<tr><td>१०</td><td>वनमा दाउरा संकलन र कार्वन उत्सर्जन सम्वन्धि अध्ययन</td><td>प्याकेज</td><td>१</td><td>१</td></tr>
</table>

आ.व. २०७७।७८ मा सम्पन्न अन्य क्रियाकलापहरूमा नेपाल सरकार र बिश्व बैक विच उत्सर्जन न्यूनीकरण बापत भुक्तानी सम्झौता सम्पन्न भएको, रेडसंग सम्बन्धित सरोकारवालाहरूको लागी एक वटा लैङ्गिक अवधारणा क्षमता अभिवृद्धि कार्यक्रमहरू संचालन गरिएको, प्रदेश मन्त्रालय मातहत रेड डेस्कको सचिवालय व्यवस्थापन तथा क्षमता अभिवृद्धिमा सहयोग गरेको र सुचनामुलक जानकारी प्रकाशन तथा प्रचारप्रसार सम्बन्धि कार्यहरू थिए ।

आ.व. २०७७।७८ को वार्षिक स्विकृत योजनामा समाबेस कृयाकलापहरू कार्यान्वयनका लागि कूल बजेट रू २९ करोड ८० लाख ५० हजार बजेट विनियोजन भएको थियो । त्यस मध्ये केवल ६ करोड ९७ लाख १० हजार खर्च भै २३.३९ प्रतिशत वित्तिय प्रगति हासिल भएको थियो ।

# बिषय सूची


**भाग १** १

रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना १

१.१ पृष्ठभूमी १

१.२ रेडप्लस प्रकृयामा नेपालको प्रयास ३

१.३ रेडप्लसको सांगठनिक संरचना ६

१.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति ६

१.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति ७

१.३.२ रेड कार्यान्वयन केन्द्र ७

१.४ रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र ८

१.४.१ बजेट तथा कार्यक्रम शाखा १०

१.४.२ जलवायु व्यवस्थापन शाखा ११

१.४.२ दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा ११

१.४.४ आर्थिक प्रशासन शाखा १२

१.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क १२

**भाग–२** १३

सम्पन्न क्रियाकलापहरुको विवरण १३

१. बाँस विरुवा खरिद, रोपण र संरक्षण १३

२. सुरक्षा सूचना प्रणाली डिजाइन र सञ्चालन १३

३. समुदायमा आधारित वनमा दीगो वन व्यवस्थापन योजना तयारी १४

४. वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन तथा वन पुर्नस्थापनाबाट हुने कार्बन सञ्चिती सम्बन्धी अध्ययन १५

५. नेपालका मुख्य प्रजातिहरुको Allometric Equation तयार गर्ने १५

६. राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना र संचालन १५

७. सम्वृद्धिको लागि वन परियोजनाको आधार रेखा सर्भेक्षण १६

८. स्थानीय पालिकाहरुको भू-उपयोग योजना तयारी १६

९. रेड प्लस सम्बन्धि आवस्यकतामा आधारित अध्ययन १७

१०. सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिहरुको नक्सांकन गर्ने १८

११. वन विस्तार गर्न सकिने सम्भाव्य क्षेत्रहरुको नक्सांकन गर्ने १८

१२. सूचना प्रणाली तथा नवीकरण खर्च १८

१३. वन क्षेत्र परिवर्तन तथा वन कार्वन अनुगमन तालिम १८

१४. रेड फोकल पर्सन तथा सरोकारवालाहरुको रेड कार्यान्वयन तालिम १९

१५. कर्मचारी दक्षता बृद्धि तालिम २०

१६. जैविक विविधता अनुगमन तालिम २०

| | | |
|---|---|---|
| १७. | प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिवृद्धि तथा व्यवस्थापन सहयोग | २० |
| १८. | रेडसंग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारण क्षमता अभिवृद्धि कार्यक्रम | २१ |
| १९. | योजना तर्जुमा/समिक्षा गोष्ठी | २१ |
| २०. | राष्ट्रिय रेड प्लस समन्वय समितिको बैठक तथा गोष्ठी | २१ |
| २१. | सरोकारवालाहरुसँग छलफल र उन्तरक्रिया तथा गोष्ठी | २२ |
| २२. | वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण | २३ |
| २३. | डायरी, क्यालेण्डर, पम्पलेट, पोष्टर, ब्रोसियर आदि प्रकाशन | २३ |
| २४. | अध्ययन प्रतिवेदन, रणनीति तालिम सामाग्रीहरुको छपाई | २४ |
| २५. | Forest Fire Management Training | २५ |
| २६. | सामुदायिक वन कार्ययोजना नविकरण | २५ |
| २७. | Forest Harvesting Skill Development Training for field level staff and forest labors | २६ |
| २८. | वायोमास अध्ययनको लागि नेपालको वनमा नमुना रुखहरु छनौट | २६ |

**भाग ३** २७

**आर्थिक प्रगति विवरण** २७

**भाग ४** २९

कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइहरू २९

| | | |
|---|---|---|
| ४.१ | सरोकारवालाहरुसँगको समन्वय | २९ |
| ४.२ | सेवा प्रदायकहरुसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाइहरु | ३० |
| ४.३ | प्रदेश तथा अन्तरगतका निकायहरु बिचको समन्वय | ३० |
| ४.४ | विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाइहरु | ३१ |
| ४.५ | मन्त्रालय, विभागीय निकायहरुसँगको समन्वय | ३१ |

**अनुसूचीहरू** ३२

| | |
|---|---|
| अनुसूची १ः नेपालमा रेडप्लसको विकासक्रम | ३२ |
| अनुसुची २ः दिगो वन व्यवस्थापन कार्ययोजना तयार भएको सामुदायिक वनहरुको विवरण | ३६ |
| अनुसुची ३ः रेड कार्यान्वयन केन्द्रको सहयोगमा भू-उपयोग योजना तयार भएका पालिकाहरूको विवरण | ३७ |
| अनुसुची ४ः रेड कार्यान्वयन केन्द्रको सहयोगमा कार्ययोजना नविकरण भएका सामुदायिक वन सम्बन्धि विवरण | ३८ |
| अनुसुची ५ः रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमको आ.व. ०७७।७८ को वार्षिक प्रगति प्रतिवेदन | ४० |
| अनुसुची ६ः रेड कार्यान्वयन केन्द्र, बबरमहलमा आ.व.०७७।७८ मा कार्यरत कर्मचारीहरू | ५० |
| अनुसुची ७ः रेड कार्यान्वयन केन्द्र, बबरमहलमा संगठन स्थापना देखि हालसम्मका केन्द्र प्रमुखहरुको विवरण | ५१ |

# भाग १

## रेडप्लस कार्यक्रमः कार्यान्वयन प्रयास तथा सांगठनिक संरचना

### १.१ पृष्ठभूमी

पृथ्वीको तापक्रम क्रमिक रूपमा वढ्दै जानु तथा विश्वव्यापी रूपमा महसुस गरीएको जलवायु परिवर्तन र यसले पारेका असरहरू सबैको चासोको बिषय वनेका छन् । विसौं शताव्दीको अबधिमा ०.७ डिग्री सेल्सियसका दरले वढेको तापक्रम २१ औं शताव्दीमा १.८ देखी ४ डिग्री सेल्सियस सम्मले बढ्न सक्ने भनी वैज्ञानिकहरूले अनुमान गरेका छन् । यसरी क्रमिक रूपमा बढिरहेको तापक्रमले मौसममा परिवर्तन आउदा कतिपय स्थानमा खडेरी बढ्न गई मरूभुमिकरण हुने तथा कतिपय स्थानमा भारी वर्षाका कारण वाढी पहिरो आदिको प्रकोप बढ्न गई विपत्तिको सृजना हुने अनुमान गरिएको छ ।

स्थिर रहनुपर्ने जलवायु सुचकांकहरू जस्तै तापक्रम, वर्षा, समुन्द्री सतह बृद्धि, प्राणी तथा वनस्पतिमा बढ्दो रोग कीराको आक्रमण र प्रकोपजन्य घटनाको बृद्धिलाई जलवायु परिवर्तनको मूख्य प्रभाव मानिएको छ । जस्तो कि मुसलधारे र भारी वर्षाका घटनाहरू बढ्नु, व्यापक बाढी पहिरो आदिको अबस्था देखा पर्नु र पानी पर्ने दिनहरूको संख्या कम हुनु आदि जलवायु परिवर्तनका असरहरू हुन् ।

पृथ्वीको सबैभन्दा बाहिरी सतहमा रहेर पृथ्वीबाट परावर्तन भई बाहिर निस्किने तापिय किरणहरूलाई रोक्ने र पृथ्वीको तापक्रम क्रमिकरूपमा बढाउन भूमीका खेल्ने ग्याँसहरूलाई हरितगृह ग्याँस भनीन्छ । सबै ग्याँसहरूले हरितगृह प्रभाव नदेखाउने भएतापनि कार्बनडाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रस अक्साइड ($N_2$), हाइड्रोफ्लोरो कार्बन (HFCs), परफ्लोरो कार्बन (PFCs), सल्फरहेक्जाफ्लोराइड ($SF_6$), नाइट्रोजन ट्राइफ्लोराइड ($NF_3$) जस्ता ग्याँसहरूलाई हरितगृह ग्याँसको रूपमा लिईन्छ । जलवायु परिवर्तनको मूख्य कारण पनि विभिन्न स्वरूपमा रहेको हरितगृह ग्याँसहरू वायुमण्डलमा प्रवेश गर्नुलाई मानिएको छ र यसो हुनुमा मानव उपयोगका लागि गरिने प्राकृतिक स्रोतहरूको अत्याधिक दोहन, वातावरण प्रदुषण र पर्यावरणीय विनाश लाई मानिएको छ ।

जलवायु परिवर्तनको लागि अन्तर सरकारी मञ्चले (Intergovernmental Panel on Climate Change– IPCC, 2007) सन् २००७ मा गरेको विश्लेषण अनुसार जलवायु परिवर्तनका मूख्य कारण वायुमण्डलमा बढिरहेको हरितगृह ग्याँसको क्रमिक उत्सर्जन हो र हरितगृह ग्याँसहरूमा सबैभन्दा बढि भूमीका खेल्न सक्ने ग्याँसको रूपमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसलाई मानिएको छ । सन् १९५८ देखी २००१ सम्मको अबधिमा वायुमण्डलमा कार्बनडाइअक्साइड ($CO_2$) ग्याँस को मात्रा ३१५ पि.पि.एम. बाट ३७० पि.पि.एम. सम्म क्रमिक रूपमा बढिरहेको पाइएको छ ।

दिगो वन व्यवस्थापनका माध्यमबाट वातावरणमा उत्सर्जन हुने कार्बनडाइअक्साइड ($CO_2$) ग्याँसको परिमाण कम गर्ने, वातावरणमा कार्बनडाइअक्साइड ग्याँसको खपत अभिवृद्धि गर्ने र जमिनमा कार्बन सञ्चिति वढाउने जस्ता कार्य जलवायु परिवर्तन न्यूनीकरणको लागि अति आवश्यकीय कुराहरू हुन् । बढ्दो जलवायु परिवर्तनलाई न्यूनीकरण गर्नका लागि हरितगृह ग्याँसहरूको उत्सर्जनमा कमी ल्याउन सक्नुपर्दछ । यसका लागि वनजंगलको संरक्षण गरी वायुमण्डलमा रहेको प्रमुख हरितगृह ग्याँस, कार्बनडाइअक्साइडको खपत गरी कार्बनको भण्डार बृद्धि गर्ने र वनबाट हुने कार्बनडाइअक्साइडको उत्सर्जनमा कमी ल्याई जलवायु परिवर्तनको असरलाई कम गर्न सकिन्छ भन्ने सोचबाट रेड प्लसको अवधारणा विकाश भएको हो ।

वन विनाश तथा वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जनलाई न्यूनीकरण गर्ने, वनको प्रभावकारी संरक्षण गर्ने र यसको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति क्षमता अभिवृद्धि गराउने कार्य गरे वापत विकासोन्मुख मूलुकलाई विकसित राष्ट्रहरूबाट प्रोत्साहन स्वरूप प्राप्त हुने भुक्तानीको अवधारणालाई समग्रमा रेडप्लस (Reducing Emissions from Deforestation and Degradation REDD plus Conservation of Forests Carbon Stock, Sustainable Management of Forests and Enhancement of Forests Carbon Stock) भनिन्छ । रेड प्लस (REDD+) कार्यक्रम अन्तर्गत निम्नलिखित पाँचवटा क्रियाकलापहरू पर्दछन् .

- वन विनाशका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन क्षयीकरणका माध्यमबाट हुने उत्सर्जन न्यूनीकरण
- वन कार्बन सञ्चितिको संरक्षण
- वनको दिगो व्यवस्थापन
- वन कार्बनको सञ्चितिमा अभिवृद्धि

रेडप्लस कार्यक्रमको सिलसिलामा नेपाल तयारी चरणबाट कार्यान्वयन चरणमा प्रवेश गर्न लागेको छ । रेडप्लस कार्यक्रमको चरणहरू निम्न बमोजिम रहेका छन् ।

| पहिलो चरणः तयारी | द्वितिय चरणः कार्यान्वयन | तृतीय चरणः भुक्तानी |
|---|---|---|
| राष्ट्रिय रणनीति तर्जुमा, कार्यक्रम तथा कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, अध्ययन आदि । | राष्ट्रिय रणनीति, कार्यक्रम, कार्ययोजना कार्यान्वयन, क्षमता अभिवृद्धि आदि । | नतिजामा आधारित भुक्तानीका लागि Monitoring Reporting and Verification (MRV) सम्बन्धी कार्यहरू आदि । |

नेपालले आ.व. २०६६।६७ देखि रेड फरेस्ट्रि तथा जलवायू परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । यो कार्यक्रम कार्यान्वयनमा हाल विश्व वैंकको समेत सहयोग रहेको छ । कार्यक्रमको कार्यान्वयनबाट वन विनास तथा वन क्षयीकरणबाट हुने कार्वन उत्सर्जनमा कमी हुन गई नेपाल उत्सर्जन न्युनीकरण मार्फत

कार्वन व्यापारमा सहभागी भै लाभ प्राप्त गर्ने र सो लाभ सम्बन्धीत उत्सर्जन न्युनीकरण गर्न योगदान गर्ने स्थानीय समुदाय वा निकायहरूले प्राप्त गर्ने छन् । फलतः स्थानीय समुदायले गैर कार्वन लाभ समेत प्राप्त हुने हुँदा वनको दिगो व्यवस्थापनमा योगदान अभिवृद्धि हुने अपेक्षा गरिएको छ ।

नेपालमा वनले करिब ५९ लाख ६२ हजार हेक्टर भू-भाग ओगटेको छ जुन नेपालको कुल क्षेत्रफलको ४०.३६% हुन आउँछ । नेपालको वनमा कुल कार्बन संचिति १ अर्ब ५ करोड ५० लाख टन (औसत १७६.९५ टन प्रति हेक्टर) रहेको अनुमान गरिएको छ जसमध्ये ६१.५३% रूखमा (जीवित, सुखड खडा, ढलापडा र सतह मुनिको भाग समेत), ३७.८०% माटोमा र ०.६७% पातपतिंगरमा रहेको छ । यसको अतिरिक्त नेपालमा ६ लाख ४८ हजार हेक्टर बुट्यान क्षेत्र (कुल क्षेत्रफलको ४.३८%) रहेको छ जसमा करिब ६ करोड ९ लाख टन (औसतः १०५.२४ टन प्रति हेक्टर) कार्वन संचिति रहेको छ ।

नेपालमा वन विनास र अत्यधिक दाउरा संकलनका कारण हुने वन क्षयीकरणवाट वर्षेनी करिव १३ लाख टन कार्वन डाईअक्साइड ग्याँस ऊत्सर्जन हुने अनुमान छ । नेपालको तराई भूपरिधि क्षेत्रका १३ जिल्लामा कार्वन उत्सर्जन न्यूनीकरण कार्यक्रम संचालन गरि सन् २०२८ सम्म करिव ३ करोड ४२ लाख टन कार्वन डाईअक्साइड ग्याँस ऊत्सर्जन कम गर्ने लक्ष्य लिएको छ ।

### १.२ रेडप्लस प्रकृयामा नेपालको प्रयास

वन विनास र वन क्षयीकरणलाई न्युनिकरण गर्नको लागि नेपालले दशकौं अघिदेखि विभिन्न नीतिगत, संरचनागत तथा कार्यक्रमगत रूपमा पहल कदमी लिँदै आएको छ । रेड प्लसकै सन्दर्भमा भने नेपालले सन् २००४ मा जलवायु परिवर्तन सम्वन्धि संयुक्त राष्ट्रसंघिय महासन्धि अन्तर्गत सन् १९९७ मा आएको क्योटो प्रोटोकल को स्वच्छ विकास संयन्त्र (CDM) मा नेपालको सामुदायिक वन लगायतका अन्य वन व्यवस्थापनहरू सन्दर्भमा अनुपयुक्त भएको विचार व्यक्त गरेको थियो र इन्डोनेसियाको बालीमा सन् २००७ मा भएको रेड सम्वन्धि वार्ता र त्यस पछिका रेड प्लस सम्वन्धि वार्ताहरूमा नेपाल सरकार र नागरिक समाजको निरन्तर सहभागिता रहेको थियो । फलस्वरूप सन् २००८ मा नेपालले रेडप्लसको तयारीका लागि विश्व वैंकको वन कार्वन साझेदारी सहयोग कार्यक्रमवाट सहयोग प्राप्त गर्न स्वयमसेवी रूपमा अवधारणा पत्र तयार गरी रेडप्लस सम्वन्धि विभिन्न विषयमा चेतनामुलक गोष्ठी र छलफलहरूको शुरूवात गरियो ।

यसै समयमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाई (REDD Forestry and Climate Change Cell) स्थापना गरिएको थियो जुन हाल रेड कार्यान्वयन केन्द्रको रूपमा रहेको छ । यस अवधिमा नेपाल सरकारका अलावा विभिन्न दातृ निकाय, गैरसरकारी संघ संस्था तथा विकास साझेदार निकायहरूबाट समेत रेडप्लसका वारेमा परीक्षण परियोजनाहरूको शुरूवात भएको थियो । सन २००८ पछि नै नेपालबाट सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरू रेडप्लस सम्वन्धि वार्ता तथा छलफलमा भाग लिन जाने क्रममा वृद्धि भएको देखिन्छ ।

नेपालको रेडप्लस तयारीको चरण मध्ये सन् २००९ लाई महत्वपुर्ण वर्षको रूपमा लिइन्छ । यस वर्षमा

रेडप्लसको तयारीका लागि पुर्वतयारी प्रस्तावना (RPP) तयारी र यसका लागि विभिन्न तहमा छलफल तथा परामर्श गोष्ठीको आयोजना गरिनुका साथै रेडप्लस सम्वन्धि सचेतना र क्षमता अभिवृद्धि गर्ने परियोजनाहरूको सुरूवात समेत भएको पाइन्छ । यसै वर्षदेखि नर्वे सरकारको सहयोगमा गोरखा, चितवन र दोलखा जिल्लामा रहेका लुधिखोला, कयरखोला र चर्नावती जलाधार क्षेत्रमा रहेका सामुदायिक वनहरूमा रेड प्लसको लाभांस वितरण सम्वन्धी ३ वर्षे परीक्षण परियोजना लागू भएको थियो ।

यसका साथै सरकारी तथा गैर सरकारी क्षेत्रमा जलवायु परिवर्तन सम्वन्धि अवधारणा विकासका लागि व्यापक रूपमा छलफल, संवादको कार्य अगाडि बढाइएको थियो । यसै वर्षको अन्त्यतिर नेपाल सरकारले रेडप्लस सम्वन्धि कृयाकलाप संचालनका लागि रेड फरेष्ट्री तथा जलवायु परिवर्तन इकाईको स्थापना गर्नुका साथै अन्य संस्थागत संरचनाहरूको समेत स्थापना गरेको थियो ।

रेडप्लसको तयारीका लागि नेपालले तयार गरेको पुर्वतयारी प्रस्तावमा राष्ट्रियस्तरबाट पारित भई सन् २०१० को अप्रिलमा विश्व वैंकमा पेश भएको तथा सोही वर्षको जुनमा विश्व वैंकबाट नेपालको रेडप्लस सम्वन्धि पुर्वतयारी प्रस्तावना पारित गरेपछि रेडप्लसको तयारीका काममा तिव्रता आएको थियो ।

विश्व बैंक बाहेक नेपालमा रेड प्लसको परीक्षणका लागि नर्वे, अमेरीका, वेलायत, स्विट्जरल्याण्ड, फिनल्याण्ड, जापान लगायतका मुलुकहरूद्वारा सहयोग गर्न शुरूवात भएको थियो । सन २०११ देखि २०१२ मा तयारी चरणका विभिन्न कार्यक्रमहरू जस्तैः रेडप्लसका लागि आवश्यक पर्ने तथ्य तथ्याङ्कहरूको तयारीका लागि अध्ययन अनुसन्धान, वन विनासका कारक तत्वहरूको विष्लेषण, भू उपयोगको अर्थराजनीति, नेपालको वन क्षेत्रको आर्थिक महत्व, सामाजिक तथा वातावरणीय रणनीतिक मूल्यांकन, कार्वन स्वामित्व, वनको आधारविन्दु, वन कार्वन मापन मार्गदर्शनको विकास, अनुगमन प्रतिवेदन तयारी र प्रमाणिकरण, रेडप्लसको प्राविधिक विषयमा आवस्यक पर्ने अन्य विषयहरूको अध्ययन र विधिहरू विकास, भू परिधि तह (Landscape Level) मा रेड प्लसको परीक्षणका लागि तयारी जस्ता विषयमा गहन अध्ययन साथै राष्ट्रिय रेड प्लस रणनीति (National REDD Plus Policy 2075) तयारीका लागि खाका विकास र छलफल तथा परामर्शहरूको शुरूवात भएको पाइन्छ ।

त्यसैगरी सन् २०१३ देखि २०१५ सम्ममा रेडप्लस तयारी चरणका विभिन्न महत्वपुर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । यस अवधिमा विश्व बैंकमा तराई भू परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम अवधारणा पत्र (Emission Reduction Program Idea Note ER – PIN) तयार गरी पेश, रेडप्लस तयारीका लागि आवस्यक रेडप्लस रणनीति तयारी, मापन, प्रतिवेदन र प्रमाणिकरण (Measurement, Reporting and Verification – MRV) प्रणालीको विकास तयारी, लाभांस वितरण तथा कार्वन उत्सर्जन आधार रेखा (Reference of Emission Level REL) आदि विषयमा अध्ययनको शुरूवात भएको थियो । यसका साथै रेडप्लस रणनीति र यसको कार्यान्वयनको लागि आवस्यक पर्ने संस्थागत संरचना र अन्य दस्तावेजहरूको तयारी, खास गरी तराई भू-परिधि क्षेत्रका लागि उत्सर्जन कटौती कार्यक्रम (Emission Reduction

Program Document – ERPD) तयार गर्ने प्रकृया यस अवधिमा सुरू भएको पाइन्छ ।

रेड प्लस तयारी पहिलो चरण (सन् २००९ देखि २०१५) मा संचालन गरेका उल्लेखित कृयाकलाप तथा अध्ययन अनुसन्धानहरूले नेपालको रेड प्लस सम्वन्धि Warsaw Framework तयारीका लागि चाहिने आवस्यक सूचना, तथ्य तथा तथ्याङ्क संकलनमा ठूलो भूमिका खेलेको पाईन्छ ।

नेपालले रेडप्लस तयारीका लागि चाहिने आवस्यक नीति तथा संरचनाहरू Warsaw Framework को विकास रेडप्लस तयारीको पहिलो चरणमा सम्पन्न गरी नसकेकोले विश्व वैंकले तयारी चरणमा बाँकी काम सम्पन्न गर्न (रेडप्लस तयारी दोश्रो चरणको) अनुदान रकम उपलब्ध गराएको थियो । उक्त सहयोगवाट सन् २०१६ मा विभिन्न महत्वपूर्ण कार्यहरू सम्पन्न भएको पाइन्छ । खास गरी सन् २०१६ मा जलवायु परिवर्तन सम्वन्धि संयुक्त राष्ट्रसंघिय प्रारूप महासन्धीमा नेपालको राष्ट्रिय वनको आधार तह (National Forest Reference Level) पेश भएको, वन लगानी योजना (Forest Investment Plan) तयारी राष्ट्रिय रेडप्लस रणनीति (National REDD Plus Strategy 2075), रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्वन्धमा मार्गचित्र तथा लैङ्गिक कार्ययोजना तयारी गरिएको थियो ।

सन् २०१७ मा तराई भू परिधि क्षेत्रका १२ जिल्लाका लागि कार्वन उत्सर्जन न्युनिकरण दस्तावेज (Emission Reduction Program Document – ERPD) र रेडप्लस कार्यक्रममा लैङ्गिक सम्मिलन (Gender Integration in REDD Plus) सम्वन्धमा मार्ग चित्र तथा लैङ्गिक कार्ययोजना तयार गरी विश्व बैंकमा पेश गरिएको थियो । यसै वर्षको अन्त्यमा नेपालवाट पेश भएको वन लगानी योजना (Forest Investment Plan – FIP) लाई World Bank's FIP Sub - Committee ले स्वीकृत गरेको थियो ।

नेपालको रेडप्लस तयारी प्रकृयामा सन् २०१८ मा नेपालको राष्ट्रिय रेडप्लस रणनीति, राष्ट्रिय वन आधार तह स्वीकृत भएको थियो । त्यसैगरी Biodiversity Monitoring Protocal for REDD± तयार गर्ने काम सम्पन्न भयो । सन् २०१९ मा नेपालको तराई भू-परिधि क्षेत्रका १३ जिल्ला (नवलपरासी जिल्ला दुई जिल्लामा विभाजन भए पश्चात् १३ जिल्ला भएको) मा संचालन हुने कार्वन उत्सर्जन न्युनिकरण कार्यक्रम अन्तर्गत कार्वन व्यापारबाट प्राप्त लाभको बाँडफाँड योजना तयार गरिएकोछ । यी सबै कार्यबाट नेपाललाई उत्सर्जन न्युनिकरण सम्वन्धित विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्न ढोका खुलेको छ ।

नेपालको राष्ट्रिय वन आधार तह (National Forest Reference Level) अद्यावधिक गर्न बाँकी अध्यायनहरू पुरा गर्ने, विभिन्न रूख प्रजातिहरूको Allometric Equation तयार पार्ने, उत्सर्जन न्युनिकरण दस्तावेजको आर्थिक विश्लेषण, सुरक्षा कवच सुचना प्रणाली (Safeguard Information System) र राष्ट्रिय वन सुचना प्रणाली स्थापना तथा सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

रेडप्लस कार्यक्रम कार्यान्वयनको लागि नेपालको तर्फबाट तयारी चरणमा हालसम्म भए गरेका र कार्यान्वयन र भुक्तानीको चरणमा हुने कार्यहरूलाई निम्न चित्र नं. १ मा देखाइएको छ भने विस्तृत विवरण अनुसुची

१ मा छ ।




चित्र नं. १ नेपालमा रेड प्लसको विकासक्रम

## १.३ रेड प्लसको सांगठनिक संरचना

नेपालमा रेडप्लस कार्यक्रमको प्रभावकारी रूपमा तयारी र नतिजामूलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत् छुट्टै संरचना रहेको छ । रेड सम्बन्धी बिषयहरूलाई नेपाल सरकारले विशेष महत्व दिएको पाइन्छ । यसले सम्पादन गर्ने कार्यहरू राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने भएकोले यसले गर्ने कार्यहरूको व्यवस्थापन तथा नीतिगत निर्देशनको लागि उच्च तहदेखी कार्यान्वयन तहसम्म निम्न बमोजिमको संरचनाहरू रहेको छ ।

### १.३.१ राष्ट्रिय रेडप्लस निर्देशक समिति

रेडसँग सम्बन्धीत सरोकारवालाहरूलाई निर्णय प्रकृयामा समावेश गर्नका लागि उच्च तहमा २४ सदस्यहरू रहने गरी वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका सचिवहरू (वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, जलश्रोत, उर्जा र सिंचाइ मन्त्रालय, कृषि तथा पशुविकास मन्त्रालय, भूमी व्यवस्थापन, गरिवी निवारण तथा सहकारी मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय), राष्ट्रिय योजना आयोग तथा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगका सचिवहरू, सातवटै प्रदेश स्थित उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिवहरू, स्थानीय सरकारका प्रतिनिधिमूलक संघ संस्थाका प्रतिनिधिहरू तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू सदस्य तथा रेड कार्यान्वयन

केन्द्रका प्रमुख सदस्य सचिव रहने गरी बहुपक्षीय, बहुसरोकारवाला उच्चस्तरीय नीतिगत संरचनाको रूपमा राष्ट्रिय रेडप्लस निर्देशक समिति रहेको छ ।

यस संरचनाको मूख्य उद्देश्यहरू रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरूका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवं अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ । समग्र नीतिगत मार्गदर्शन गर्नुका साथै रेडप्लस कार्यान्वयन र यसमा विभिन्न क्षेत्र र सरोकारवालाहरूको प्रतिनिधित्व गराउने कुराको रेखदेख गर्ने कार्यक्षेत्र रहेको छ ।

### १.३.२ राष्ट्रिय रेडप्लस समन्वय समिति

दोश्रो तहमा वन तथा वातावरण मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालय अन्तर्गतका विभिन्न महाशाखाका सहसचिवहरू, विभिन्न विभागका महानिर्देशकहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा रेड कार्यान्वयन केन्द्रका प्रमुख तथा अन्य साझेदार संघ संस्थाका प्रतिनिधिहरू समेत गरी २२ सदस्य रहने गरी राष्ट्रिय रेड प्लस समन्वय समिति रहने व्यवस्था छ । राष्ट्रिय रेड प्लस समन्वय समितिले रेडप्लस निर्देशक समितिको बैठकका लागि बिषयवस्तुहरू सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सोको अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरू अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरू गर्दछ ।

### १.३.२ रेड कार्यान्वयन केन्द्र

रेडप्लस सम्बन्धी दैनिक प्रशासनिक कार्यहरू संचालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरीएको छ । यस केन्द्रमा बजेट तथा कार्यक्रम शाखा, दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा, जलवायु व्यवस्थापन शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रको नियमित कार्य संचालनको लागि १३ जना कर्मचारीहरूको दरबन्दि रहेको छ । यस सम्बन्धी विस्तृत विवरण चित्र नं. २ र ३ मा दिइएको छ । नेपालमा रेडको प्रभावकारी रूपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी पाएको रेड कार्यान्वयन केन्द्रको काम, कर्तव्यहरुमा मूख्यतया रेड प्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय कोषहरू पहिचान गरी पहुँच पुर्‍याउने, रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरूसँग समन्वय गर्ने, वनक्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको बिषयलाई नियमन गर्न समन्वय गर्ने, रेडप्लसबाट प्राप्त लाभको बाँडफाँडका लागि समन्वय गर्ने, रेडप्लसमा सुरक्षा कवच (Safeguard) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने, राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने, रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने, वन कार्बनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्बन मापन, प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने, उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि नीजि वन धनीहरूसँग सम्झौता गर्ने व्यवस्थाहरूको विकास गर्ने रहेका छन् ।




चित्र नं. २ रेड कार्यान्वयन केन्द्रको संगठन संरचना

## १.४ रेडप्लस सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था र रेड कार्यान्वयन केन्द्र

कार्बन सेवा, कार्बन सञ्चिति, कार्बन उत्सर्जन न्यूनीकरण, कार्बन व्यापार र सोबाट प्राप्त लाभको बाँडफाँड जस्ता कार्य संघको कार्यक्षेत्रमा पर्ने र नेपाल सरकारले गर्नु पर्ने संवैधानिक, नीतिगत र कानुनी व्यवस्था रहेको छ । नेपालको प्रचलित संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था अनुसार पनि यस सम्बन्धी कार्यहरू संघ वा नेपाल सरकारको तर्फबाट हालसम्म यी कार्यहरू यस केन्द्रले गर्दै आइरहेको छ ।

नेपालको संविधान (२०७२) बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र कार्बन सेवा संघको अधिकार सूचि (अनुसूची ५) मा रहेको छ । वन ऐन, २०७६ मा कार्बन सेवा र सोबाट प्राप्त हुने सेवालाई वातावरणीय सेवाको रूपमा लिईएको (दफा २ (भ)) र कार्बन सञ्चिति तथा उत्सर्जन न्यूनीकरणबाट प्राप्त लाभको व्यवस्थापन, उपयोग तथा लाभांसको बांडफांड नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने (दफा ४४ (क)) उल्लेख छ। त्यसै गरी वातावरण संरक्षण ऐन, २०७६ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितिकरणका

लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, ब्यबसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था (दफा २८ (१)) रहेको छ ।

वन नीति, २०७५ मा कार्बन उत्सर्जन न्यूनीकरण गर्न काठको उत्पादन र सदुपयोग बढाउने साथै वन क्षेत्रबाट कार्बन उत्सर्जन न्यूनीकरणमा पुऱ्याइने योगदान वापत अन्तर्राष्ट्रिय संयन्त्रबाट भुक्तानी पाउने अबसरको उपयोग गरिने नीतिगत व्यवस्था रहेको पाइन्छ । राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ मा दिगो वन व्यवस्थापन अबलम्बन गरी वनको कार्बन सञ्चिति बृद्धि गरिने, रेडप्लस मार्फत कार्बन सञ्चिति बढाई प्राप्त आर्थिक लाभको न्यायोचित वितरण गरिने, रेडप्लस र कार्बन व्यापार आदिबाट वित्तीय श्रोत प्राप्ति र परिचालन गरिने उल्लेख छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्बन सेवा र कार्बन सञ्चिति नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रमा रहेकोमा वन विनाश र वनको क्षयीकरण रोकी वनको दिगो व्यवस्थापन मार्फत कार्बन सञ्चिति बढाई कार्बन व्यापार गर्ने सम्बन्धी काम यस केन्द्रको कार्य जिम्मेवारीमा पर्दछ ।

हालको रेड कार्यान्वयन केन्द्र (प्रस्तावित राष्ट्रिय रेडप्लस केन्द्र) को कार्यक्रम र कार्य जिम्मेवारी देहाय बमोजिम छन् ।

- नेपालको वनस्रोतलाई कार्बन व्यापारमा लैजान आधारहरू तयार गर्ने सम्बन्धी ।
- वन कार्बन उत्सर्जन न्युनीकरण कार्यक्रम लगायत रेडप्लस रणनीतिको कार्यान्वयन तथा अनुगमन सम्बन्धी ।
- वन कार्बन सञ्चिति तथा उत्सर्जन न्युनीकरणको परिणाममा आधारित भुक्तानीको दावी सम्बन्धी ।
- वनस्रोतको दिगो व्यवस्थापन सम्बन्धी ।
- वन विनाश तथा वनको क्षयीकरण नियन्त्रणका लागि समन्वय सम्बन्धी ।
- वनस्रोतबाट प्राप्त हुने कार्बन तथा गैह्रकार्बन लाभहरूको पहिचान गरी तीनको दिगो उपयोगको व्यवस्था सम्बन्धी ।
- रेड प्लससँग सम्बन्धित रणनीति, योजना, कार्यक्रम, संझौता, प्रचारप्रसार तथा क्षमता अभिवृद्धि सम्बन्धी ।
- रेड प्लसमा कार्यरत संघसंस्था, दातृ निकायसँग समन्वय र सहकार्य गरी नेपालको समग्र रेड प्लस प्रक्रिया र विकासलाई दिशा निर्देश गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय समन्वय, वित्त प्रवन्ध, अन्तर्राष्ट्रिय वार्ता, गुनासो व्यवस्थापनको समन्वय, अध्ययन अनुसन्धानको प्रकाशन सम्बन्धी ।
- कार्बन तथा गैरकार्बन लाभहरूको न्यायोचित बाँडफाड सम्बन्धी ।
- रेडप्लसको तयारी, कार्यान्वयन, क्षमता अभिवृद्धि, ज्ञानको व्यवस्थापन, परिणाममुखी भुक्तानी आदिका लागि प्रस्ताव लेखन, प्रस्तुति तथा पैरवी गर्ने सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित अन्तर्राष्ट्रिय निकायको सम्पर्क बिन्दु भई काम गर्ने सम्बन्धी ।

- वन कार्बनको संरक्षण तथा सचिति बढाउने कार्यहरू सम्बन्धी ।
- रेडप्लस वा अन्य कार्बन व्यापार संयन्त्रमा समावेश हुन चाहने निजी वन धनीहरूलाई आवद्ध गराउने सम्बन्धी ।
- रेडप्लस लगायत कार्बन उत्सर्जन न्युनीकरण तथा कार्बन सञ्चितिसँग सम्बन्धित वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी ।
- रेडप्लससँग सम्बन्धित जैविक विविधता अनुगमनको तयारी तथा कार्यान्वयन सम्बन्धी ।
- कार्बन रजिष्ट्री, राष्ट्रिय वन सूचना प्रणाली, 'सुरक्षा सूचना प्रणाली व्यवस्थापन सम्बन्धी ।
- अन्य सम्बन्धित कार्यहरू ।

### १.४.१ बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको तर्जुमा गर्ने ।
- दिर्घकालीन, अल्पकालीन र आवधिक योजना तथा कार्यक्रमहरू तर्जुमा गरी तोकिएको समय भित्र प्रमुख समक्ष पेश गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदि बारे कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- कार्यक्रम आयोजनाको मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाई पठाउनु पर्ने प्रगति विवरणहरू समयमै तयार गरी प्रमुख समक्ष स्वीकृतिको लागि पेश गर्ने ।
- Midterm Review, Emission Reduction – Programme Idea Note/Readiness–Package तयारी गर्ने कार्यमा यस केन्द्रबाट सहयोगी निकायसँग समन्वय गर्ने र भए गरेको प्रगतिको जानकारी प्रमुखलाई गराउने ।
- R–PP कार्यान्वयनको चरणमा गर्नुपर्ने प्रचार प्रसार एवं क्षमता अभिवृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड नमुना परिक्षण (Piloting) वाट प्राप्त भएका सिकाई र अभ्यासहरूको जानकारी/विवरण संकलन गरी मस्यौदा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेडप्लस नमुना परिक्षण (Piloting) सम्वन्धि विवरण अध्यावधिक गरी Website update गर्न सहयोग गर्ने ।
- रेड सम्वन्धि प्रचार प्रसार सामाग्री तयारी, उत्पादन गर्न मस्यौदा सहित प्रमुख समक्ष पेश गर्ने ।
- यस केन्द्रको Outreach Plan तयार गरी सो को कार्यान्वयन गर्न आवस्यक पर्ने श्रोत र कार्यान्वयनको रूपरेखा तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- रेड कार्य समुह र वहुसरोकारवालाहरूको वैठक/गोष्ठीको लागि आवश्यक पर्ने तयारी गर्ने र भएका निर्णय एवं छलफलका बुँदाहरू टिपोट गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

### १.४.२ जलवायु व्यवस्थापन शाखा

- जलवायु परिवर्तन समानुकूलन सम्बन्धी आयोजनाको सोचपत्रहरू तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकूलन सम्बन्धी कार्यक्रम बारे सोचपत्र तयार गरी केन्द्र प्रमुख समक्ष पेश गर्ने ।
- वनमा आधारित कार्यक्रमको सम्पर्क बिन्दु (Focal Point) को रूपमा रही कार्यक्रमहरूको समन्वय गर्ने ।
- नमुना परीक्षणका रूपमा कार्यान्वयन भईरहेका समानुकूलन कार्यक्रमहरूको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धीत बिषयमा अध्ययन, तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालनको लागि लागत अनुमानसहित कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- तोकिएका अन्य कार्यहरू गर्ने ।

### १.४.३ दूर संवेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट मापन, प्रतिवेदन र प्रमाणीकरण (MRV) सँग सम्बन्धीत अध्ययन अनुसन्धान सम्बन्धी कार्यहरू गर्ने सेवा प्रदायकलहाई सहजिकरण गर्ने एवं बिषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमीका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने कार्बन मापन, अनुगमन प्रतिवेदन प्रमाणीकरणसँग सम्बन्धीत बिषयवस्तुमा गरी ने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रूपमा सहभागी भई अभिलेख अद्यावधिक गर्ने ।
- कार्बन मापन र आँकलन गर्ने सम्बन्धी सञ्चालित Piloting कार्यलाई रेड कार्यान्वयन केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धीत अध्ययनहरूमा संलग्न सेवा प्रदायकसँग Focal Point को रूपमा रहि प्रक्रिया र विधि बारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयारी सम्बन्धी नविनतम प्राविधिक ज्ञान वारे अध्ययन/अनुसन्धान गरी सहकर्मी बिचमा छलफल र प्रसार गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धीत बिषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने ।

- तोकिएको अन्य कार्यहरू समेत गर्ने ।

### १.४.४ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- विनियोजित रकम बाँडफाँट तथा खर्चको फाँटवारी तयार गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- वेरूजुको लगत राखि फछ्र्यौट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

### १.४.५ प्रदेशस्तरमा प्रदेश वन निर्देशनालय अन्तर्गत रेड फोकल डेस्क

- प्रदेश स्तरमा रेड सम्बन्धी कार्यहरूको समन्वय गर्ने ।
- रेड कार्यान्वयन केन्द्रसँगको समन्वयमा स्वीकृत कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- स्थानीय तह तथा समुदायहरूसँग प्रदेश स्तरमा समन्वय गर्ने ।
- रेड सम्बन्धी क्रियाकलापहरूको कार्यान्वयनमा समन्वयको कार्य गर्ने ।




चित्र ३ : रेड कार्यान्वयन केन्द्रको दरबन्दि संरचना

# भाग २

## सम्पन्न क्रियाकलापहरूको विवरण

### १. बाँस विरूवा खरिद, रोपण र संरक्षण

नदि उकास क्षेत्रमा हरियाली प्रवर्द्धन तथा जमिनको संरक्षण मार्फत कार्वन संचिति अभिवृद्धि गर्ने तथा स्थानिय स्तरमा वन पैदावारको उपलब्धता वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम तय गरिएको थियो । यस कार्यक्रम अन्तर्गत तराई भू-परिधि क्षेत्रको नदि उकास तथा खालि ठाउँहरूमा वाँस तथा अन्य जातका विरूवाहरू रोपण गरि हरियाली प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिएको छ । यो कार्यक्रम डिभिजन वन कार्यालय वर्दिया मार्फत् वर्दिया जिल्लाको तालिका १ उल्लेखित वन क्षेत्रमा संचालन गरिएको थियो । यस कार्यक्रम अन्तर्गत कलमी विरूवा तथा कटिङ गरी जम्मा ३९९८ गोटा विरूवाहरू रोपण गरिएको तथा उक्त क्षेत्रको संरक्षणको लागि समुहलाई हेरालु राख्न सहयोग समेत गरिएको थियो । यी सम्पुर्ण कार्यको लागि जम्मा रू १५,००,०००। खर्च हुन गएको छ ।

तालिका १ :

डि.व.का. बर्दियाबाट बाँस विरूवा खरिद गरी वृक्षरोपण गरेको क्षेत्र सम्बन्धी विवरण

| सि.नं. | वृक्षरोपण गरिएको सामुदायिक नाम | वृक्षरोपण गरिएको क्षेत्रफल (हे.) | रोपण गरेको विरूवा संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | शान्ती सा.व.उ.स | ३.५८ | १४३२ | |
| २ | सिमलखल्ला सा.व.उ.स | २.७२ | १०८८ | |
| ३ | वृन्दा महिला सा.व.उ.स | १.७ | ६७८ | |
| ४ | जनचेतना सा.व.उ.स | २.० | ८०० | |
| | जम्मा | १० | ३९९८ | |

### २. सुरक्षा सूचना प्रणाली डिजाइन र सञ्चालन (Safeguard Information System Design and Operationalize)

रेड सम्वन्धि कार्यक्रमहरू कार्यान्वयनको कारणले आदिवासी, जनजाती, महिला तथा विपन्न लगाएतका समुदायहरूमा पर्न सक्ने नकारात्मक असरवाट उनीहरूलाई जोगाउनको लागि आवस्यक सुचना प्रदान गर्ने उद्देश्यले यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम अन्तर्गत राष्ट्रिय स्तरमा एउटा सेफगार्ड

सुचना प्रणाली निर्माण गरि संचालन गरिने छ । सेफगार्ड सुचना प्रणाली संचालन भएपछि रेड कार्यान्वयन संग सम्वन्धित सरोकारवालाहरूले सेफगार्ड सम्वन्धि विकसित तौरतरिका, निति नियम, सिद्धान्तहरू तथा प्रावधानहरू सम्वन्धमा सहज रूपले सुचना प्राप्त गर्न सक्नेछन । यो कार्यक्रम संचालनको लागि आ.व. २०७७/७८ मा रू. ७५,००,०००। वजेट विनियोजन भएकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको समस्याको कारणले सत प्रतिसत लक्ष्य हासिल गर्न नसकेतापनि सेवा प्रदायक छनौट गरि प्रारम्भिक कामहरू शुरू भएको थियो । यस कामको लागि आ.व. २०७७/७८ मा रू. २१,३०,०००। खर्च हुन गएकोछ । यस सम्वन्धि आ.व. २०७७/७८ मा हुन नसकेका वाँकि कामको लागि सेवाप्रदायकलाई म्याद थप गरिदिई चालु आ.व.मा उक्त कार्य सम्पन्न भएको छ ।

## ३. समुदायमा आधारित वनमा दीगो वन व्यवस्थापन योजना तयारी

वनको दिगो व्यवस्थापन मार्फत कार्वन संचिति वढाई उत्सर्जन न्युनिकरण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गर्नु परेको हो । यस कार्यक्रम अन्तर्गत आ.व. २०७६।७७ देखिनै समुदायमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयार गर्ने लक्ष्य रहेको थियो । यस कार्यको लागि ३ वटा क्लस्टर वनाई २५ वटा वनमा दिगो वन व्यवस्थापन योजना तयार गर्ने गरि तयारी गरिएको थियो । यस कामको कार्यसुची अनुसार प्रत्येक क्लस्टरमा दिगो वन सम्वन्धि विज्ञ टोलि नेताको नेतृत्वमा वन श्रोत सर्वेक्षण विज्ञ, लैङ्गिक तथा सामाजिक समावेशीकरण विज्ञ, जिआइएस विज्ञ सहित प्रत्येक समुदायमा आधारित वनको लागि दुईजना वन श्रोत सर्वेक्षण प्राविधिक र दुइजना सामाजिक आर्थिक तथ्यांक संकलक को टोलि रहने गरि कार्यसुची स्वीकृत भएको थियो । यस कार्यको लागि क्लस्टर १ अन्तर्गत कैलाली र कञ्चनपुर जिल्लाका ९ वटा सामुदायिक वन, क्लस्टर २ अन्तर्गत कैलाली र वर्दिया जिल्लाका ८ वटा र क्लस्टर ३ अन्तर्गत दाङ्ग र कपिलवस्तु जिल्लाको ८ वटा समुदायमा आधारित वन व्यवस्थापन समुहको दिगो वन व्यवस्थापन योजना तयारी गर्ने गरि काम हुँदै आएको छ । आ.व. २०७६।७७ मा क्लस्टर ३ अन्तर्गत दाङ्ग र कपिलवस्तु जिल्लाको ८ वटा सामुदायिक वन उपभोक्ता समुहहरूको कार्ययोजना तयारी भैसकेको तथा क्लस्टर १ र २ का १७ वटा सामुदायिक वनहरूको योजना तयारी कार्य अगाडि वढेकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको महामारिका कारण नेपाल सरकारले घोषणा गरेको देशव्यापी वन्दावन्दिको कारण फिल्ड कार्य सम्पन्न हुन नसकि वाँकि कामहरू आ.व. २०७७।७८ को मंसिर महिना सम्म सम्पन्न गर्ने गरि म्याद थप गरिएको थियो । यसरि थपिएको म्यादभित्र सेवा प्रदायकले आफ्नो प्रतिवद्धता अनुसार काम सम्पन्न गरि क्लस्टर १ र क्लस्टर २ का गरि जम्मा १७ वटा सामुदायिक वन उपभोक्ता समुहहरूको कार्ययोजना तयारी गरिएको छ । यसरी आ.व. २०७६।७७ र २०७७।७८ मा दिगो वन व्यवस्थापन योजना तयार गरिएका १७ वटै समुदायमा आधारित वनहरूको विवरण अनुसुचि २ मा दिईएको छ । यस कार्यक्रमको लागि आ.व. २०७७।७८ मा कुल १,२५,००,०००। वजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन गर्दा रू. ७१,००,०००। वजेट खर्च भएको थियो । आ.व. ०७७/७८ मा थप ६ वटा सा.व.उ.स.को. दिगो वन व्यवस्थापन कार्ययोजना प्रकृया अगाडी बढाइएकोमा नेपाल सरकारले मिति ०७७/१०/११ को निर्णयबाट वैज्ञानिक वन व्यवस्थापन कार्य विधि खारेज गरे पश्चात् उक्त कार्य अघि बढेन ।

## ४. वन क्षयीकरणबाट हुने कार्बन उत्सर्जन तथा वन पुर्नस्थापनाबाट हुने कार्बन सञ्चिती सम्बन्धी अध्ययन

वन क्षयीकरणका कृयाकलापहरू जस्तैः चरीचरण, वन डढेलो, काठ दाउरा कटानी लगायतका ४ वटा कृयाकलापहरूबाट के कति कार्वन उत्सर्जन गर्दछन ? भन्ने सन्दर्भमा अध्ययन कार्य सम्पन्न गर्न आ.व. २०७७/७८ मा कुल रू. २,००,००,०००। वजेट व्यवस्था भएको थियो । त्यसैगरी वनको कार्वन संचिती अभिवृद्धि सम्वन्धि १ वटा अध्ययन गर्नको लागि रू. ५०,००,०००। वजेट व्यवस्था भएको थियो । यी ५ वटै अध्ययन कृयाकलापहरू एकै प्रकृतिका भएकोले सबै अध्ययनहरूलाई (Packaging) गरी एकमुष्ठ रूपमा एउटै कृयाकलापको रूपमा संचालन गरिएको थियो । उक्त कार्यक्रमहरू सेवा प्रदायक मार्फत संचालन गर्नको लागि सेवा प्रदायक छनौट गरि सम्झौता गरिएको तथा सेवा प्रदायकले प्रारम्भिक चरणका कामहरू समेत शुरू गरिसकेको अवस्थामा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाईरसको कारणले नेपाल सरकारले लामो समयसम्म वन्दावन्दिको घोषणा गरेकोले आ.व. २०७७/७८ मा सम्पुर्ण काम सम्पन्न गर्न सम्भव नभएकोले सम्झौता गरिएकै सेवा प्रदायकलाई आ.व. २०७८/७९ मा उक्त काम सम्पन्न गर्नको लागि म्याद थप गरि काम सम्पन्न भएको छ । यस कार्यमा संलग्न सेवा प्रदायकलाई प्रथम किस्ता वापतको भुक्तानी एवं प्रारम्भिक कार्यमा भएको खर्च समेत गरी आ.व. ०७७।७८ मा कुल रू. २५,४७,०००। खर्च भएको थियो ।

## ५. नेपालका मुख्य प्रजातिहरूको Allometric Equation तयार गर्ने

नेपालका वनहरूमा पाइने मुख्य रूख प्रजातीहरूको Volume र Biomass मा आधारीत Allometric Equation तयार गरि आगामी दिनहरूमा वन कार्वन संचिति सम्वन्धि अध्यायन तथा अनुसन्धानहरूलाई सरल र सहज वनाउन सहयोग पुगोस भन्ने हेतुले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम अन्तर्गत नेपालका वनहरूमा पाइने साल, सिसौ, खयर, अस्ना, वोट धयरो, उत्तिस, चिलाउने, कटुस, टुनि, खोटे सल्ला, गोव्रे सल्ला, धुपि सल्ला, गुराँस, स्प्रुस, भोजपत्र र लौठ सल्ला गरि १६ रूख प्रजातिको Allometric Equation तयार गर्ने योजनाका साथ सेवा प्रदायक मार्फत काम गर्ने गरी सेवा प्रदायक छनोट गरि सम्झौता समेत गरिसकिएकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारणले गर्दा नेपाल सरकारले लामो समय वन्दावन्दि घोषणा गरेको, नेपाल सरकारबाट रूख कटान अनुमति प्राप्त गर्न ढिलाई हुन गएको तथा सेवा प्रदायकले समेत अन्तर्राष्ट्रिय स्तरमा बन्दाबन्दीका कारण सबै विज्ञ उपलब्ध गराउन असक्षम भएकाले कार्य अगाडी बढ्न सकेन । यो कार्यक्रम सञ्चालनको लागि शुरूमा कुल रू. ७,५०,००,०००। वजेट व्यवस्था भएको भएता पनि प्रारम्भिक कार्य सञ्चालनको क्रममा जम्मा रू. ५,४८,०००। खर्च भएको देखिन्छ ।

## ६. राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना र संचालन

वन सम्वन्धि सुचना, तथ्याङ्क र जानकारीहरू एकत्रित गरी तथ्यांक व्यवस्थापन र प्रकाशन कार्य सरल, सहज र दीगो रूपमा भण्डारण, व्यवस्थापन, संचालन गर्नको लागि राष्ट्रिय वन तथ्याङ्क प्रणाली स्थापना

र संचालन गर्ने कार्यक्रम राखिएको हो । यो कार्यक्रम सम्पन्न भई संचालनमा आएपश्चात देशभरिका वन सम्वन्धि सुचना, तथ्याङ्क र जानकारीहरू एकै वेभसाईटवाट विश्वभरी बाट प्राप्त गर्न सक्ने सुविधा उपलब्ध हुनेछ । यस कार्यक्रम कार्यान्वयनको क्रममा सेवा प्रदायक छनौट गरि काम भैरहेको अवस्थामा विश्वव्यापी कोरोना भाइरसको महामारीका कारणले गर्दा नेपाल सरकारले राष्ट्रव्यापी वन्दावन्दि घोषणा गरेकोले विभिन्न प्रदेशहरूमा भ्रमण गरि गर्नुपर्ने कामहरू प्रभावित भएकोले यो कार्यक्रममा सत प्रतिसत प्रगति हुन सकेन । यो काम पुर्ण रूपमा सम्पन्न गर्न नसकेतापनि सेवा प्रदायक संस्थाले सम्झौता वमोजिम विभिन्न चरणका कामहरू गरेकाले पहिलो र दोश्रो किस्ता भुक्तानि समेत गरिएको थियो । यसै सम्वन्धि अन्तिम चरणका केहि वाँकि कामहरू गर्नको लागि सेवा प्रदायकलाई आ.व. २०७८/७९ मा समेत म्याद थप गरि कार्य सम्पन्न भएको छ । यो कार्यक्रमको लागि कुल रू. ७५,००,०००। वजेट व्यवस्था भएकोमा आ.व. ०७७/७८ मा जम्मा रू. २२,८२,०००। खर्च भएको थियो ।

### ७. सम्वृद्धिको लागि वन परियोजनाको आधार रेखा सर्भेक्षण

सम्वृद्धिको लागि वन परियोजना कार्यान्वयन भैसकेपछि देखिन सक्ने सकारात्मक र नकारात्मक परिणामहरूको मापन गर्नको लागि उक्त परियोजनाको आधार रेखा सर्भेक्षण गरिराख्नुपर्ने भएकोले यो कार्यक्रम आवस्यक परेको हो । यस कार्यक्रम कार्यान्वयनको क्रममा सेवा प्रदायक छनौट गरी काम भैरहेको अवस्थामा विश्वव्यापी कोरोना भाइरसको महामारीका कारणले गर्दा नेपाल सरकारले राष्ट्रव्यापी वन्दावन्दि घोषणा गरेकोले मधेश प्रदेश र लुम्विनी प्रदेशका विभिन्न स्थानहरूमा भ्रमण गरि गर्नुपर्ने कामहरू प्रभावित भएकोले यो कार्यक्रम पुर्ण रूपमा सम्पन्न हुन सकेन । यो काम पुर्ण रूपमा सम्पन्न गर्न नसकेतापनि सेवा प्रदायक संस्थाले सम्झौता वमोजिम विभिन्न चरणका कामहरू गरेकाले पहिलो किस्ता वापतको रकम भुक्तानी गरिएको थियो । यसै सम्वन्धि वाँकि कामहरू पुरा गर्नको लागि सोहि सेवा प्रदायकलाई आ.व. ०७८/७९ मा समेत म्याद थप गरि हाल कार्य सम्पन्न भैसकेको छ । यस कार्यक्रमको लागि कुल रू. ८०,००,०००। वजेट व्यवस्था भएकोमा आ.व. ०७७/७८ मा कुल रू. १४,१६,०००। मात्र खर्च भएको थियो ।

### ८. स्थानीय पालिकाहरूको भू-उपयोग योजना तयारी

उत्सर्जन न्युनिकरण कार्यक्रम कार्यान्वयनको एउटा महत्वपुर्ण क्रियाकलापको रूपमा एकिकृत भू-उपयोग योजना तयारी गरी विकास कार्यमा कम भन्दा कम वन क्षेत्र वन विनाश गरी उत्सर्जन घटाउन यो क्रियाकलाप कार्यान्वयन गर्ने कार्य तय भएको देखिन्छ । सोहि उद्देश्य अनुरूप उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन हुने तराईका १३ जिल्ला लक्षित गरि सो आसपासका माग भएका अन्य जिल्लाहरू समेत समावेश गरि यो कार्यक्रम संचालन गरिएको थियो । यस अन्तर्गत आ.व. ०७६/७७ देखिनै ३ वटा क्लस्टर वनाई सेवा प्रदायक छनौट गरि कार्यक्रम कार्यान्वयन गर्ने गरि डिजाइन गरिएको थियो । यस कार्यको स्विकृत कार्यसुचि अनुसार यो कृयाकलाप कार्यान्वयन गर्न प्रत्येक क्लस्टरमा भू-उपयोग योजना तयारी सम्वन्धि विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको विज्ञ टोलि नेता सहित भू-उपयोग योजना तर्जुमा विज्ञ, वन विज्ञ, लैङ्गिक तथा सामाजिक समावेशिकरण विज्ञ, जिआईएस विज्ञ सहित अन्य

सहयोगि सहितको टोलिले सम्वन्धित स्थानिय तहसँग निकट रहि स्थलगत अध्ययन तथा छलफल गरि स्थानिय तहले अपनत्व हुनेगरि कार्य गर्नुपर्ने गरि डिजाइन गरिएको थियो ।

क्लस्टर १ अन्तर्गत मधेश प्रदेशका बारा, पर्सा र रौतहट जिल्लाका विभिन्न २० पालिका, क्लस्टर २ अन्तर्गत लुम्विनी प्रदेश अन्तर्गतको नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा र अर्घाखाँची जिल्लाका २० पालिकाहरू र क्लस्टर ३ अन्तर्गत दाङ्ग, वाँके, वर्दिया र सुर्खेत जिल्लाका २० पालिकाको भू-उपयोग योजना वनाउने गरि आ.व. २०७६।७७ मा डिजाइन गरी सेवा खरिदको लागि प्रकृया अगाडी बढाइएकोमा क्लस्टर १ र २ मा मात्र सेवा प्रदायक संस्था छनौट हुन सकेको थियो । उक्त २ वटा क्लस्टरमा परेका ४० वटा स्थानिय पालिकाहरूको भू-उपयोग योजना तयारी कार्यको लागि फिल्ड कार्यहरू भैरहेकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारणले नेपाल सरकारले घोषणा गरेको वन्दावन्दिको कारण फिल्ड कार्य समयमै सम्पन्न हुन नसकेकाले थप बाँकि कार्यहरू आ.व. २०७७।७८ को मंसिरसम्म सम्पन्न गर्ने गरि म्याद थप गरिएको थियो । यसरि थपिएको म्यादभित्र सेवा प्रदायकले आफ्नो प्रतिवद्धता अनुसार काम सम्पन्न गरि क्लस्टर १ र क्लस्टर २ का गरि जम्मा ४० वटा स्थानिय पालिकाहरूको भू-उपयोग योजना तयार गरिएको थियो । उक्त ४० वटा पालिकाहरूको विवरण अनुसुचि ३ मा दिईएको छ । यस कार्यक्रमको लागि आ.व. २०७७।७८ मा कुल रू. १,००,००,०००। वजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन गर्दा सबै रकम खर्च भएको देखिन्छ ।

## ९. रेड प्लस सम्वन्धि आवस्यकतामा आधारित अध्ययन

केन्द्रले स्विकृत कार्यक्रममा परेका कार्यक्रमहरू कार्यान्वयनको सिलसिलामा आवश्यकता महशुस गरेको तथा दातृ निकायले समय समयमा भएका मिसनको क्रममा अनुभवको आधारमा माग गर्ने विभिन्न अध्ययन प्रतिवेदन तयारी लगायत आवस्यकता महसुस गरिएका तर वार्षिक कार्यक्रममा प्रस्ताव नगरियका विभिन्न अध्ययन सर्वेक्षण सम्बन्धी कृयाकलापहरू संचालन गरि कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नको लागि यस प्रकारको कार्यक्रम तर्जुमा गरिएको हो । यस कार्यक्रम अन्तर्गत आर्थिक वर्षको जुनसुकै समयमा कार्यालयले आवस्यकता महसुस गरेका कार्यालयमा रेड प्लस कार्यक्रमसँग सम्वन्धित विविध आवस्यकिय अध्ययन/सर्भेक्षणहरू संचालन गर्ने गरिएको छ । यसै सम्वन्धमा आ.व. २०७७।७८ मा विश्व बैंक र नेपाल सरकार विच भएको उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताको शर्त अनुसार सन् २०१८ जुन महिना देखी सम्झौता भएको मिति सन् २०२१ फेब्रूअरीसम्म उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनको क्रममा सामाजिक तथा वातावरणीय व्यवस्थापन खाका बमोजिम कार्य भए, नभएको प्रतिवेदन तयार गरी विश्व बैंक समक्ष पेश गर्नुपर्ने सो पूर्व उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयन अवस्थाको बारेमा Emission Reduction Program Stock Taking Report तयार गरी पेश गर्न विश्व बैंकबाट अनुरोध भै आएकाले सो बमोजिमको अध्ययन कार्य सम्पन्न गरिएको थियो । यो कार्य सेवा प्रदायक संस्था मार्फत सेवा खरिद गरी सम्पन्न गरिएको थियो । यस किसिमका दुईवटा कार्यक्रम सञ्चालनको लागि रू. १०,००,०००। वजेट व्यवस्था भएकोमा एकवटा मात्र कृयाकलाप संचालन गर्दा कुल ४,९३,०००। रकम खर्च भएको थियो ।

## १०. सामुदायिक वन लगायत वन व्यवस्थापन पद्धतिहरूको नक्सांकन गर्ने

नेपालमा अपनाईका विभिन्न वन व्यवस्थापन पद्धतिहरूको अवस्था तथा कुल वन श्रेत्रमा तिनिहरूको योगदानलाई एकमुष्ठ रूपमा नक्सांकन गरि प्रस्तुत गर्नको लागि यो कार्यक्रम आवस्यक परेको हो। यस कार्यक्रम अन्तर्गत देशमा अपनाईएका सामुदायिक वन लगायतका विभिन्न वन व्यवस्थापन पद्धतिहरूको भुगोल अनुसार वा राजनितिक सिमाना अनुसार को अवस्थालाई चित्रण गरि उपरोक्त वन व्यवस्थापन पद्धतिहरूको वास्तविक अवस्था प्रस्तुत गर्ने किसिमको दस्तावेज तयारी गर्ने कार्यक्रम रहेको थियो। यो कार्यक्रमको लागि सेवा प्रदायक संस्था छनौट गर्दै गर्दाको अवस्थामा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारणले नेपाल सरकारले घोषणा गरेको वन्दावन्दिको कारण सेवा प्रदायक संस्थासँग सेवा खरिद सम्झौता हुन सकेन। यस कार्यक्रमको लागि कुल रू. ७०,००,०००। वजेट व्यवस्था भयकोमा सेवा प्रदायक संस्था छनौट सम्वन्धि प्रकृया संचालन गर्दा प्रशासनिक तथा कार्यालय व्यवस्थापन खर्च गरि कुल रू. ४,९५,०००। खर्च भएको थियो।

## ११. वन विस्तार गर्न सकिने सम्भाव्य क्षेत्रहरूको नक्सांकन गर्ने

देशभरिका विभिन्न स्थानमा छरिएर रहेका नाङ्गा पाखा तथा खालि जग्गाहरूको विवरण संकलन गरि कुन कुन स्थानमा के कति क्षेत्रमा यस्ता खालि जग्गाहरू वृक्षारोपणको लागि उपलब्ध छन भनि तथ्याङ्क संकलन गर्नको लागि यो कार्यक्रम आवस्यक परेको हो। यस कार्यक्रम अन्तर्गत निजि तथा सार्वजनिक स्वमित्वका ०.५ हेक्टर भन्दा वढि क्षेत्रफलका खालि जग्गाहरूको विवरण संकलन गरि त्यस्ता जग्गाहरूमा के कस्तो तरिकाले वन विस्तार गर्न सकिन्छ भनि कार्य योजना सहितको राष्ट्रिय स्तरको दस्तावेज तयार गर्ने कार्यक्रम रहेको थियो। यो कार्यक्रमको लागि सेवा प्रदायक संस्था छनौट गर्दै गर्दाको अवस्थामा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारणले नेपाल सरकारले घोषणा गरेको वन्दावन्दिको कारण सेवा प्रदायक संस्थासँग सेवा खरिद सम्झौता हुन सकेन। यस कार्यक्रमको लागि कुल रू. ३०,००,०००। वजेट व्यवस्था भयकोमा सेवा प्रदायक संस्था छनौट सम्वन्धि प्रकृया संचालन गर्दा प्रशसनिक तथा कार्यालय व्यवस्थापन खर्च गरि कुल रू. २,३२,०००। खर्च भएको थियो।

## १२. सुचना प्रणाली तथा नवीकरण खर्च

यस कार्यक्रम अन्तर्गत कोष तथा लेखा व्यवस्थापनको महालेखा नियन्त्रण कार्यालयबाट स्विकृत सुचना प्रणालीको स्थापना र सञ्चालनको काम सम्पन्न गरिएको छ। यस कृयाकलापको लागि कुल ३,००,०००। वजेट व्यवस्था भएकोमा जम्मा रू. १,३६,०००। खर्च भएको थियो।

## १३. वन क्षेत्र परिवर्तन तथा वन कार्वन अनुगमन तालिम

विभिन्न प्राकृतिक तथा मानव जन्य कारणहरूले गर्दा वनले ढाकिएको क्षेत्रफलमा फेर वदल भईरहेको हुन्छ। यसरी वन क्षेत्रमा हुने सकारात्मक तथा नकारात्मक परिवर्तनले वनको कार्वन संचितिको अवस्थामा

समेत परिवर्तन निम्त्याईरहेको हुन्छ । यसरी वन क्षेत्रमा आउने परिवर्तन तथा वन कार्वनको संचितिमा हुने फेरवदलको अनुगमन गर्नको लागि रेडप्लससंग सम्वन्धित कर्मचारीहरूको दक्षता अभिवृद्धि गर्नको लागि यस प्रकारको तालिम आवस्यक परेको हो । यस तालिममा वन क्षेत्र अनुगमनको परम्परागत तौर तरिकाका अलावा हालका दिनमा विकसित जिआइएस प्रविधिको माध्यमवाट कम समय र लागतमा ठुलो परिमाणमा वन क्षेत्र परिवर्तन तथा कार्वन अनुगमन गर्नको लागि सहभागिहरूलाई ज्ञान र सिप प्रदान गर्ने कार्य गरिएको थियो । यस तालिममा वन तथा वातावरण मन्त्रालय, रेड कार्यान्वयन केन्द्र, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वन तथा भू-संरक्षण विभाग तथा विभिन्न प्रदेश स्थित रेड डेस्कका प्राविधिक कर्मचारीहरू सहभागिको रूपमा छनौट गरिएको थियो । यो तालिम काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल स्थित धुलिखेल लज रिसोर्टमा आवासिय रूपमा ५ दिनको कार्यक्रमको रूपमा संचालन गरिएको थियो । यो कार्यक्रम ICIMOD सँगको साझेदारीमा संचालन गरिएको थियो । यो कार्यक्रम २ पटक सञ्चालन गर्नको लागि वार्षिक कार्यक्रममा रू. १५,००,०००। वजेट व्यवस्था भएकोमा एकपटक मात्र सञ्चालन साझेदारीमा सञ्चालन गर्दा केन्द्रको तर्फबाट रू. ५,२५,०००। खर्च भएको थियो ।





## १४. रेड फोकल पर्सन तथा सरोकारवालाहरूको रेड कार्यान्वयन तालिम

रेडप्लससँग सम्वन्धित सरकारी निकायका प्राविधिक कर्मचारीहरू तथा सरोकारवाला संघ संस्थाका रेडप्लस फोकल व्यक्तिहरूलाई रेड प्लस कार्यक्रमको वारेमा जानकारि गराउँदै रेडप्लस कार्यमा भैरहेको अपडेट तथा नयाँ उपलब्धीहरूको बारेमा जानकारी प्रदान गरी क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो । यो कार्यक्रममा वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, रेड कार्यान्वयन केन्द्र, वनस्पती विभाग, वातावरण विभाग, विभिन्न प्रदेश स्थित रेड डेस्क हेर्ने कर्मचारी, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ, पारिवारिक निजि वन महासंघ तथा राष्ट्रपती चुरे-तराइ, मधेस संरक्षण विकास समितिबाट सहभागिता रहेको थियो । यो कार्यक्रम वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको तालिम हलमा ३ दिन सम्म संचालन गरिएको थियो । यस प्रकारको तालिम कार्यक्रम ४ पटक संचालन गर्नको लागि रू. २०,००,०००। वजेट व्यवस्था गरिएकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारण नेपाल सरकारले घोषणा गरेको वन्दावन्दिको कारण १ वटा तालिम मात्र संचालन भएको थियो जसमा जम्मा रू. २,१५,०००। खर्च भएको थियो ।

 

## १५. कर्मचारी दक्षता बृद्धि तालिम

कर्मचारीहरूको Computer, Driving, LMBIS  सफ्टवेयर लगायतको क्षमता अभिवृद्धि गर्ने उद्देश्यका साथ दक्षता वृद्धिको यो तालिम कार्यक्रम राखिएको थियो । यो कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा दुई जना कर्मचारीले चार पाङ्ग्रे सवारी संचालन सम्वन्धि तालिम प्राप्त गरेका थिए । यस कार्यक्रममा कुल रू. ९०,०००। वजेट विनियोजन गरियकोमा दुई जना कर्मचारीले सवारी चालक तालिम प्राप्त गर्दा जम्मा रू. ४३,०००। खर्च भएको थियो ।

## १६. जैविक विविधता अनुगमन तालिम

रेडप्लस सम्वन्धि कार्यक्रमहरूको कार्यान्वयनवाट जैविक विविधतामा पर्न सक्ने सकारात्मक र नकारात्मक प्रभावहरूको अनुगमन तथा मुल्यांकन गर्नको लागि कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने गराउने उद्देश्यले यस प्रकारको कार्यक्रम आयोजना गर्नु परेको हो । यो कार्यक्रम अन्तर्गत वन, वातावरण तथा वन्यजन्तुको अवस्थामा हुन आउने परिवर्तनहरूको मुल्यांकन गर्ने हालका दिनहरूमा चलन चल्तिमा रहेका तौर तरिका विषयमा सहभागिहरूलाई जानकारी गराउने काम गरिएको थियो । यस किसिमको तालिम पर्सा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, वाँके राष्ट्रिय निकुञ्ज, वर्दिया राष्ट्रिय निकुञ्ज र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज गरि ५ वटा राष्ट्रिय निकुञ्जहरू अन्तर्गत प्रत्येकमा १-१ गोटा कार्यक्रम संचालन गरिएको थियो । जैविक विविधता अनुगमन तालिम ६ वटा संचालन गर्नको लागि कुल रू. १८,००,०००। वजेट व्यवस्था भएकोमा यस प्रकारका तालिम ५ वटा संचालन गर्दा जम्मा रू. १४,९५,०००। खर्च भएको थियो ।

## १७. प्रदेश वन निर्देशनालयमा स्थापित रेड डेस्कको सचिवालयको क्षमता अभिवृद्धि तथा व्यवस्थापन सहयोग

देशका सवै प्रदेशहरूमा रेडप्लस सम्वन्धि कार्यक्रम कार्यान्वयनमा सरलिकरण गर्नको लागि प्रदेश स्थित वन निर्देशनालयहरूमा रेड डेस्क स्थापना गरिएका छन् । उक्त रेड डेस्कको सचिवालयमा कार्यरत कर्मचारीहरूको रेड प्लस सम्वन्धि क्षमता अभिवृद्धि गर्न तथा रेड डेस्कको भौतिक व्यवस्थापनमा सुधार गर्नको लागि यस किसिमको कार्यक्रम राखिएको हो । यस कार्यक्रम अन्तर्गत आ. व. २०७७/७८ मधेश प्रदेश र गण्डकी प्रदेशले क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरेका थिए । यस कार्यक्रमको लागि ७ वटै प्रदेशका लागि गरी जम्मा ७ कृयाकलापका लागि कुल रू. २१,१०,०००। वजेट व्यवस्था भएकोमा २ वटा प्रदेशमा मात्र कार्यक्रम संचालन भएको थियो जसमा रू. ५,८५,०००। मात्र खर्च भएको थियो ।

## १८. रेडसंग सम्वन्धित निकायहरूको लैङ्गिक अवधारणा क्षमता अभिवृद्धि कार्यक्रम

रेडप्लससंग सम्वन्धित निकायका कर्मचारीहरूको लैङ्गिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस प्रकारको कार्यक्रम रेड कार्यान्वयन केन्द्रबाट आयोजना गरिँदै आएको छ । यस कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा मिति २०७७ माघ ३० देखि फाल्गुण २ सम्म ३ दिने लैंगिक अवधारणा क्षमता अभिवृद्धि गोष्ठी आयोजना गरिएको थियो । यस कार्यक्रममा वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, रेड कार्यान्वयन केन्द्र, वातावरण विभाग, वनस्पती विभाग, राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति तथा पहाडी साना किसान अनुकुलन आयोजना समेतवाट गरि जम्मा २५ जना महिला कर्मचारीहरू सहभागी भएका थिए । यस प्रकारको कार्यक्रम २ वटाको लागि रू. १०,००,०००। वजेट व्यवस्था भएकोमा विविध कारणले १ वटा मात्र कार्यक्रम संचालन गर्न संभव भएको र सो को लागि जम्मा रू. ५,५७,०००। खर्च हुन भएको थियो ।




## १९. योजना तर्जुमा/समिक्षा गोष्ठी

विगत आर्थिक वर्षमा सम्पन्न कृयाकलापहरूको वार्षिक समिक्षा तथा चौमासिक अवधिमा भए गरेको कार्य सम्पादन प्रगतिको समिक्षा गरि आगामि अवधि एवं आर्थिक वर्षको लागि उपयुक्त योजनाहरू प्रस्ताव गर्नको लागि समिक्षा तथा योजना तर्जुमा गोष्ठीको कार्यक्रम सञ्चालन गर्नु परेको हो । आ.व. २०७७/७८ मा ३ वटा समिक्षा/योजना तर्जुमा गोष्ठीको लागि वजेट व्यवस्था भएकोमा रेड कार्यान्वयन केन्द्रको सभाहलमा कार्यालयका कर्मचारी एवं सरोकारवालाहरूको सहभागितामा १ गोटा समिक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरिएको थियो । यो कार्यक्रममा कुल जम्मा रू १४,०००। वजेट खर्च भएको थियो ।

## २०. राष्ट्रिय रेड प्लस समन्वय समितिको बैठक तथा गोष्ठी

नेपालको रेड प्लस राष्ट्रिय रणनीति २०७५ ले रेड प्लस सम्वन्धि कार्यक्रमहरूको संचालन तथा समन्वय गर्न केन्द्रिय स्तरमा २ वटा समितिको परिकल्पना गरेको छ । यस अनुसार माननीय वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा राष्ट्रिय रेड प्लस निर्देशक समिति र वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा राष्ट्रिय रेड प्लस समन्वय समिति रहने व्यवस्था छ । राष्ट्रिय रेड प्लस समन्वय समितिमा वन तथा वातावरण मन्त्रालयका सचिवको अध्यक्षतामा वन तथा वातावरण मन्त्रालयका सवै महाशाखा

प्रमुखहरू, विभागिय प्रमुखहरू, वन व्यवस्थापन गर्दै आएका आदिवासी जनजाति र स्थानिय समुदाय, महिला, मधेशी, दलित र निजि क्षेत्रका प्रतिनिधिमुलक संघ संस्थाका प्रतिनिधि गरि कम्तिमा ३ जना महिला सहित वढिमा ९ जना मन्त्रालयवाट मनोनित प्रतिनिधिहरू सदस्य रहने र रेड कार्यान्वयन केन्द्रका प्रमुख सदस्य सचिव रहने व्यवस्था छ । यो समितिले निर्देशक समितिको वैठकको लागि विषयवस्तुहरू सिफारिस गर्ने, रेडप्लसको कार्यान्वयन र सो को अनुगमन गर्ने, अध्ययन अनुसन्धान प्रतिवेदनहरू अनुमोदन गर्ने लगायतका प्राविधिक प्रकृतिका कार्यहरू गर्ने व्यवस्था रहेको छ ।

आ.व. २०७७/७८ मा राष्ट्रिय रेडप्लस समन्वय समितिको वैठक मिति २०७८/०३/२२ का दिन काठमाण्डौंमा आयोजना गरिएको थियो । यस वैठकमा ६ महिला र १९ पुरूष गरि जम्मा २५ जनाको सहभागीता रहेको थियो । यस वैठकबाट खासगरी राष्ट्रिय रेड प्लस समन्वय समिति सञ्चालन आन्तरिक कार्यविधि प्रस्तुत नै सो उपर व्यापक छलफल मै आगामी वैठकमा परिमार्जन गरी पेश गर्ने निर्णय भएको थियो । राष्ट्रिय रेड प्लस समन्वय समितिको वैठक तथा गोष्ठी ३ वटा संचालन गर्नको लागि ४,६०,०००। बजेट व्यवस्था भएकोमा १ वटा बैठक संचालन गर्दा २,१४,०००। खर्च हुन गएको थियो ।



## २१. सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया तथा गोष्ठी

सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई रेड प्लस कार्यक्रमको वारेमा समन्वय एवं जानकारी गराउने, कार्यक्रम कार्यान्वयनमा सरोकारवाला संस्थालाई सहभागी गराई अपनत्व वढाउँदै रेड प्लस कार्यक्रमको प्रभावकारिता वढाउन सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया तथा गोष्ठीको आयोजना गरिएको हो । आ.व. २०७७/७८ मा यस प्रकारका ८ वटा गोष्ठी आयोजना गर्नको लागि रू. १४,००,०००। वजेट व्यवस्था भएकोमा विश्वव्यापी रूपमा फैलिएको कोरोना भाईरसको महामारीको कारणले नेपाल सरकारले लामो समयसम्म वन्दावन्दिको घोषणा गरेकोले ८ वटै गोष्ठीहरू संचालन गर्न नसकिएतापनि काठमाण्डौ, पर्सा र जनकपुर गरि ३ ठाउँमा यस प्रकारको गोष्ठी आयोजना गरी संपन्न गरिएको थियो । यसरी ३ वटा यस प्रकारका गोष्ठीहरू संचालन गर्दा कुल रू. ४,६०,०००। खर्च भएको थियो ।




## २२. वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण

रेड कार्यान्वयन केन्द्रद्वारा आ.व. २०७६/७७ मा संचालित कार्यक्रम तथा कृयाकलापहरू संवन्धमा विस्तृत जानकारी उपलब्ध गराउने उद्देश्यले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने काम गरिएको थियो । यस वार्षिक प्रगति प्रतिवेदनमा रेड कार्यान्वयन केन्द्रका गतिविधि तथा यस केन्द्रबाट प्रदान गरिने सेवाको वारेमा जानकारी, आर्थिक विवरण, सेवा प्रदान गर्दा अनुभव गरिएको समस्याहरू लगायतका जानकारीहरू समाविष्ट गरि एउटा सानो रंगिन पुस्तिकाको रूपमा प्रकाशन गरिएको थियो । यो प्रगति प्रतिवेदन पुस्तिका रेडप्लससँग सरोकार राख्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, कर्मचारीहरू, सरोकारवाला व्यक्तिहरू तथा विद्यार्थीहरू लगायतलाई वितरण गरिएको थियो । आ.व. २०७७/७८ मा वार्षिक प्रतिवेदन प्रकाशन तथा वितरणको लागि रू. ३,००,०००। वजेट व्यवस्था भएकोमा यो काम सम्पन्न गर्दा रू. १,४०,०००। खर्च भएको थियो ।

## २३. डायरी, क्यालेण्डर, पम्पलेट, पोष्टर, ब्रोसियर आदि प्रकाशन

यस कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा डायरी, क्यालेण्डर तथा ब्रोसियरहरू प्रकाशन गरि वितरण गर्ने काम गरिएको छ । प्रचार प्रसार सामाग्रीको रूपमा डायरी, क्यालेण्डर तथा ब्रोसियरहरू प्रकाशन गरि वितरण गर्दा रेडप्लस सँग सरोकार राख्ने सरोकारवालाहरूमा रेडप्लस तथा जलवायु परिवर्तन जस्ता विषयमा सचेतिकरण गर्न साथै नेपालमा रेडप्लस सम्बन्धमा भएगरेका विविध क्रियाकलापहरूको वारेमा अवगत गराउन सहयोग पुगेको छ । यस कार्यक्रमको लागि रू. ५,००,०००। वजेट व्यवस्था भएकोमा यो काम सम्पन्न गर्दा रू. ४,७५,०००। खर्च भएको थियो ।










## २४. अध्ययन प्रतिवेदन, रणनीति तालिम सामाग्रीहरूको छपाई

यस कार्यक्रम अन्तर्गत कृषि वन रणनीति छपाई गरि वितरण गर्ने काम गरिएको छ । यस कामको लागि कुल रू. १०,००,०००। वजेट व्यवस्था रहेकोमा कृषि वन रणनीति छपाई गर्दा रू. १,१२,०००। खर्च भएको थियो ।






## २५. Forest Fire Management Training

वन डढेलोको कारणले हुने कार्वन उत्सर्जन कम गर्नको लागि वन डढेलोवाट वन जंगललाई जोगाउने सम्वन्धमा क्षमता अभिवृद्धि गराउने उद्देश्यले यस किसिमको तालिमको आवस्यकता महसुस गरिएको हो। यस कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा ३ वटा कार्यक्रम संचालन गर्नको लागि रू. १५,००,०००। वजेट व्यवस्था रहेकोमा सुदुर पश्चिम प्रदेश अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत ३ वटा वन डढेलो व्यवस्थापन तालिम  कैलाली जिल्लाको लम्कीचुहा न.पा.मा, डडेल्धुरा जिल्लाको पर्शुराम न.पा. मा र दार्चुला जिल्लाको महाकाली न.पा. खलंगामा गरिएको थियो। यस कार्यक्रममा सुदुर पश्चिम प्रदेश अन्तर्गतका विभिन्न डिभिजन वन कार्यालयमा कार्यरत फरेष्टर, वन रक्षक, सामुदायिक वनका पदाधिकारी गरि जम्मा ७६ जना वन कर्मचारीहरूलाई २। २ दिन सम्म वन डढेलो व्यवस्थापन विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान सहितको प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो। यो कार्यक्रम सम्पन्न गर्दा कुल रू. ४,५६,०००। खर्च भएको थियो।





## २६. सामुदायिक वन कार्ययोजना नविकरण

समुदायमा आधारित वन व्यवस्थापन समुहहरूलाई सकृय वनाई वन संरक्षण तथा विकासमा जनसहभागिता मार्फत उत्सर्जन न्युनिकरण कार्यक्रमलाई सहयोग पुर्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो। यो कार्यक्रम सम्वन्धित डिभिजन वन कार्यालय मार्फत संचालन गरिएको थियो। यसको लागि सम्वन्धित डिभिजन वन कार्यालयले एक जना सम्पर्क कर्मचारी तोकी निजको सहजीकरणमा यो कार्यक्रम लागु गरिएको थियो। यो कार्यक्रम अन्तर्गत देशभरिका विभिन्न डिभिजन वन कार्यालय अन्तर्गत कार्ययोजना अवधि समाप्त भएका १०० गोटा सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजना तयारीको लागि स्विकृत भएकोमा विभिन्न जिल्लाहरूबाट नविकरणको लागि  धेरै माग भै आएकाले कार्यक्रम संसोधन मार्फत थप ३०० गरी जम्मा ४०० वटा सामुदायिक वनको वन कार्ययोजना नविकरण गर्न रू. १२०,००,०००। वजेट स्विकृत भै आएको थियो। तर, विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारणले नेपाल सरकारले घोषणा गरेको वन्दावन्दिको कारण फिल्डमा संचालन गर्नुपर्ने कृयाकलापहरू प्रभावित हुन पुगि सवै कार्यक्रम संचालन गर्न नसकिएकोले जम्मा ६ वटा डिभिजन वन कार्यालय अन्तर्गतका ६५ वटा वन कार्ययोजना मात्र नविकरण गर्न गराउन सम्भव भएको थियो। यसरि ६५ वटा सामुदायिक वनको कार्ययोजना नविकरणको लागि कुल रू. १५,७०,०००। खर्च हुन गएको छ। आ.व. २०७७/७८ मा रेड कार्यान्वयन केन्द्रको सहयोगमा विभिन्न डिभिजन वन कार्यालयहरूले नविकरण गरेका सामुदायिक वनहरूको विवरण अनुसुचि ४.मा दिईएको छ।

## २७. Forest Harvesting Skill Development Training for Field level staff and Forest labors

वनमा रूखहरू कटान गरि निकाल्ने क्रममा हुने क्षतिलाई न्युन गर्न तथा उपयुक्त तरिकाले रूखहरू कटान मुछान गर्न सिकाउने उद्देश्यले यस किसिमको तालिमको आयोजना गरिएको हो । यस कार्यक्रम अन्तर्गत आ.व. २०७७/७८ मा ३ वटा कार्यक्रम संचालन गर्नको लागि रू. १५,००,०००। वजेट व्यवस्था रहेकोमा सुदूर पश्चिम प्रदेश अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत १ वटा यस प्रकारको तालिम आयोजना गर्ने कार्य गरिएको छ । यस कार्यक्रममा सुदुर पश्चिम प्रदेश अन्तर्गतका विभिन्न डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी तथा सामुदायिक वनमा काम गर्ने पदाधिकारी तथा कर्मचारी गरि महिला - १५ जना र पुरूष ६८ जना गरी जम्मा ८३ जनालाई २ दिन सम्म रूखहरू कटान विषयमा व्यवहारिक र शिपमुलक प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । यो कार्यक्रम सम्पन्न गर्दा कुल रू. ४,०२,०००। खर्च भएको थियो ।

## २८. वायोमास अध्ययनको लागि नेपालको वनमा नमुना रूखहरू छनौट

वनमा रहेको कार्बनको सही मापन गर्न रूखको आयतन तथा वायोमास को अनुमान महत्वपुर्ण हुन्छ । नेपालको वनको मुख्य प्रजाति अनुसार आफ्नै एलोमेट्रिक समिकरण भएमा यसले कार्बन व्यापारको क्रममा वायोमास अनुमान Tier 1 वाट Tier 3 मा जान सक्ने र सो वाट कार्वनको सही आकलन गर्न सकिने भएकोले एलोमेट्रिक समिकरण तयार गर्नु अति महत्वपुर्ण छ । देशका विभिन्न भागमा रहेका राष्ट्रिय वन र संरक्षित क्षेत्रभित्र रहेका रूखहरूमा कार्वन सञ्चितिको दर र प्रवृति मापन गरि सो को तथ्याङ्क विश्लेषण गरेर नेपालको आफ्नै एलोमेट्रिक समिकरण तयार गर्नुपर्ने आवस्यकता रहेकोले यो कार्यक्रम संचालन गर्नु परेको हो । यस कार्यक्रम अन्तर्गत नेपालको वनमा मुख्य गरि पाईने विभिन्न १६ वटा प्रजातिका रूखहरूको एलोमेट्रिक समिकरण तयारीका लागि रेड कार्यान्वयन केन्द्रको वार्षिक कार्यक्रममा विगत केहि वर्षदेखि वजेट व्यवस्था हुँदै आएको भएतापनि विविध कारणले कार्यक्रम कार्यान्वयन हुन सकेको थिएन । आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यो कार्यक्रम पहिलो प्राथमिकता प्राप्त P1 कार्यक्रम अन्तर्गत समावेश गरिएको थियो । यस कार्यक्रम कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालयको निर्णय अनुसार वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका उपमहानिर्देशकको अध्यक्षतामा प्राविधिक समिति र व्यवस्थापकिय पक्षमा सहजिकरण गर्न रेड कार्यान्वयन केन्द्रका प्रमुखको संयोजकत्वमा व्यवस्थापकिय समिति गठन गरि कामलाई व्यवस्थित गरिएको थियो । यसरि गठित प्राविधिक समितिले १६ वटा प्रजातिको एलोमेट्रिक समिकरण तयारीको लागि आवस्यक रूखहरू छनौट गर्ने विधी तयार भई सोहि बमोजिम प्रजाति अनुसार विभिन्न जिल्लाहरूमा काटनुपर्ने रूख संख्या समेत तयार भएको छ । यसरि यस कार्यको लागि आवस्यक करिब ११०० रूखहरू मध्ये पहिलो चरणमा आ.व. २०७७/७८ मा १६ वटा प्रजातिका ३२० वटा रूखहरू (देशभरिका ३३ वटा डि.व.का. हरू अन्तर्गतमा परेका) छनौट गरि उक्त रूखहरू कटान मुछान गर्न र नमुनाहरू प्रयोगशाला सम्म ल्याउन नेपाल सरकारवाट स्वीकृती लिने काम सम्पन्न गरिएको छ । यस कार्यको लागि कुल ३०,००,०००। वजेट व्यवस्था भएकोमा कार्यक्रम सम्पन्न गर्दा रू. २१,६५,०००। खर्च भएको थियो ।

# भाग ३

## आर्थिक प्रगति विवरण

यस केन्द्रको आर्थिक वर्ष २०७७/०७८ मा कार्यक्रम कार्यान्वयनको लागि विश्व बैंकबाट प्राप्त अनुदान र नेपाल सरकार तर्फ गरी ने.रू. २९ करोड ८० लाख ५० हजार विनियोजन भएको थियो। जसमध्ये पुँजिगत तर्फ रू. ६२४ लाख र चालु तर्फ रू. २३ करोड ५६ लाख ५० हजार विनियोजन भएको थियो। विनियोजित रकम मध्ये आ.व. २०७७।०७८ मा पुँजीगततर्फ रू. १९३,४८,००० र चालुतर्फ रू. ५,०३,६१,८०० गरी कुल जम्मा रू. ६,९७,१०,००० खर्च भएको थियो। यस सम्बन्धी विस्तृत प्रगति विवरण अनुसूची ५ मा प्रस्तुत गरिएकोछ।

यस आर्थिक वर्षमा भौतिक प्रगति २५.५ प्रतिशत भएको छ भने वित्तिय प्रगति केवल २३.३९ प्रतिशत भएको छ। यस आर्थिक वर्षमा विभिन्न कृयाकलाप कार्यान्वयनको लागि शुरूवाति कार्यहरू सम्पन्न भई उल्लेख्य भौतिक प्रगति भएता पनि कोभिड १९ को कारण नेपाल सरकारबाट घोषित वन्दावन्दीको कारण सम्पुर्ण कार्य सम्पन्न हुन नसकी म्याद थप गरी आगामी आ.व.मा थप कार्य गरी सम्पन्न गर्नुपर्ने भएकाले वित्तिय प्रगति कम भएको छ। सारांश प्रगति विवरण तालिका २ मा प्रस्तुत गरिएको छ।

तालिका २ आ.व. २०७७।७८ को वार्षिक बजेट तथा खर्चको शारांस

| कार्यक्रम आयोजना | वार्षिक | | | | | | वार्षिक वित्तिय प्रगति प्रतिशत | वार्षिक भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन (रू. लाखमा) | | | खर्च (रू. लाखमा) | | | | |
| | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | | |
| रेड फरेस्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | २३५६.५ | ६२४ | २९८०.५० | ५०३.६१८ | १९३.४८ | ६९७.१० | २३.३९ | २५.५ |

रेड कार्यान्वयन केन्द्रको विगत आर्थिक वर्षहरूमा भएको खर्च तथा प्रगति र यस वर्ष भएको खर्चको प्रगति तुलना गर्न यहाँ सान्दर्भिक देखीएकाले चित्र नं. ४ मा देखाइएको छ।




चित्र नं. ४ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रमको शुरूवात देखी हालसम्मको खर्च

रेड कार्यान्वयनको लागि नेपालमा भएको खर्च के कति हो त्यसको विवरण प्रस्तुति गर्न सान्दर्भिक हुने भएकोले यहा प्रस्तुत गर्ने जमर्को गरिएको छ । आ.व. २०६६।६७ देखि यस कार्यक्रमको लागि औपचारिक रूपमा खर्च गर्न शुरूवात गरिएको पाइन्छ । यसै अनुसार हालसम्म यस कार्यक्रमको लागि करिब ६७ करोड ८७ लाख रकम खर्च भएको छ । जसमध्ये सबभन्दा बढी रकम १६ करोड ३७ लाख रकम आ.ब. ०७५।०७६ मा खर्च भएको छ जुन चित्र नं. ४ मा देखाइएको छ । विस्तृत प्रगति विवरण अनुसुची ५ मा समावेश गरिएको छ ।

# भाग ४

## कार्यक्रम कार्यान्वयनबाट प्राप्त सिकाइहरू

यस भागमा विशेष गरी रेडप्लस कार्यक्रम कार्यान्वयन गर्दा फिल्डस्तर लगायत केन्द्र एवं सरोकारवालाहरूसँग समन्वयको क्रममा प्राप्त भएका सिकाईहरू आगामी कार्यक्रम संचालन गर्नको लागि मार्गदर्शनको रूपमा रहने भएकोले यहाँ प्रस्तुत गरिएको छ ।

कार्यक्रम कार्यान्वयनको शिलशिलामा निम्न क्षेत्रमा सिकाईहरू प्राप्त भएको छ ।

### ४.१ सरोकारवालाहरूसँगको समन्वय

यस कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरू विशेष गरी स्थानीय समुदायहरू, संघ संस्थाहरू तथा आदिवासी जनजातिहरूको प्रतिनिधित्व गर्ने संस्थाहरू लगायतका सस्थाहरूसँग निरन्तर समन्वय तथा सहकार्यमा काम गर्नु पर्ने भएकोले समय समयमा पुर्नगठन भैरहने यस प्रकारका संस्थाहरूसँग अधिकतम प्रयास गरी समन्वय गर्न पहल गरिएको भएतापनि संपूर्ण संघ संस्थाहरूलाई पुर्ण रूपमा समेट्न सकिएको छैन । सरोकारवालाहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरू प्राप्त भएको छ ।

- यस कार्यक्रमको शुरूवात देखी संलग्न र यस कार्यक्रमसँग परिचीत सरोकारवालाहरू विच अन्तरक्रियाहरू गरिरहनु पर्ने देखिन्छ ।
- सरोकारवालाहरूको वैधानिक अपरिहार्यताको लागि विशेष कानूनी संरचना आवश्यक पर्ने अनुभव गरिएको छ । किनकी कार्यक्रमको दायरा तथा आयामहरू फराकिलो भएकोले सरोकारवालाहरूको वास्तविक पहिचान तथा तिनिहरूको संलग्नतालाई वैधानिकता दिनको लागि कठिनाई महसुस गरिएको छ ।
- सरोकारवालाहरूले पनि कतिपय कार्यक्रमहरूमा सहभागी हुन नपाउँदाको अवस्थामा खिन्न हुन गएको गुनासो आउने गरेको छ यसबाट सरोकारवालाहरूसँग निरन्तर समन्वय गर्नु पर्ने आवश्यकता पनि महसुस भएको छ ।
- स्थानीय समुदाय तथा स्थानीय तहहरूमा रहेका सरोकारवालाहरूसँगको समन्वय अपरिहार्य महसुस गरिएको छ । अतयवः यस कार्यक्रमको कार्यान्वयन तथा थप सुदृढ गर्नको लागि स्थानीय तह तथा समुदायहरूमा समन्वय तथा सहकार्य अझ गर्नु पर्ने देखिएको छ ।
- स्थानीय तहहरू तथा स्थानीय समुदायहरूको अपनत्व बेगर यो कार्यक्रम सफल नहुने भएकोले सो निकायहरूको अपनत्व अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।
- कोभिड १९ को कारण सरोकारवालाहरूसँग निरन्तर रूपमा समन्वयात्मक छलफल गोष्ठीको

आयोजना गर्न केही बाधा अड्चन भएता पनि अनलाईन मार्फत् भएपनि यस केन्द्रबाट केही प्रयासहरू गरिएको छ । आगामी दिनमा थप कृयाकलापहरू गर्न जरूरी देखिन्छ । गर्न केही बाधा अड्चन भएता पनि अनलाईन मार्फत् भएपनि यस केन्द्रबाट केही प्रयासहरू गरीएको छ । आगामी दिनमा थप क्रियाकलापहरू गर्न जरूरी देखीन्छ ।

### ४.२ सेवा प्रदायकहरूसँग सेवा प्राप्ति गर्ने सिलसिलामा सिकाइहरू

यस कार्यक्रम सञ्चालन गर्दा धेरै कार्यहरू सेवा प्रदायकबाट लिनु पर्ने गरी स्वीकृत भएको हुँदा सेवा प्रदायकहरूसँग कार्य गर्दा निम्न बमोजिम सिकाईहरू प्राप्त भएको छ ।

- रेड कार्यक्रमसँग सम्बन्धित कार्यहरूमा अनुभव भएका सेवा प्रदायकहरू ज्यादै कम मात्र रहेको देखियो ।
- सेवा प्रदायकहरूले कामको सम्झौता गर्दाको बखत गरेको प्रतिवद्धताहरू पुरा गर्न व्यवसायिक (एचयाभककष्यलबि भ्तजष्अक) नैतिकता पुरा गर्नको लागि व्यवसायिक आचरणमा सुधार गर्नु पर्ने देखियो ।
- सेवा प्रदायकहरूले कार्य गरिरहेको अवस्थामा अनुगमनको कार्यलाई सँगसँगै लैजानु पर्ने अति आवस्यक महसुस गरिएको छ ।
- सेवा प्रदायकहरूको कार्य शुरूवातको समय तथा अन्य अवधिमा रेड कार्यान्वयन केन्द्रबाट प्रतिनिधित्व गरी समन्वय बढाउनु पर्ने देखियो । जति समन्वय बढाइयो त्यति कार्यको गुणस्तरमा राम्रो भएको पाइयो ।
- सेवा प्रदायकहरूले व्यवसायिक आचरण तथा गुणस्तर कायम गर्नको लागि कार्यहरूको प्रस्ताव पेश गर्दा आर्थिक प्रस्ताव पनि गुणस्तर कायम गर्न सक्ने गरी मात्र पेश गर्नु पर्ने देखियो ।
- कतिपय सेवा प्रदायकहरूले कार्य प्रस्ताव पेश गर्दा राख्ने गरेको विज्ञहरूको सूची अुनसार नै फिल्डमा पनि काममा नलगाउने गर्दा  गुणस्तर कायम गर्नको लागि समस्या भएको देखियो ।
- सेवा प्रदायकहरूले स्थानीय तहहरूसँग तथा कार्यालयहरूसँगको समन्वयमा अझ अभिवृद्धि गर्न सकेमा कार्यको गुणस्तर वृद्धि हुने देखिन्छ ।

### ४.३ प्रदेश तथा अन्तर्रगतका निकायहरू बिचको समन्वय

सङघीय संरचनामा देश गइसकेको परिप्रेक्ष्यमा प्रदेश तथा अर्न्तगतका कार्यालयहरूसँग समन्वय गरी परिचालन गर्दा निम्न बमोजिम सिकाइहरू प्राप्त भएको छ ।

- कार्यक्रम कार्यान्वयन गर्दा प्रदेश स्तरका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालयहरूसँग समन्वय जति गर्न सक्यो त्यति नै कार्यक्रम कार्यान्वयन गर्न सजिलो र प्रभावकारी भएको छ ।
- प्रदेशस्तरको रेड डेस्कको कर्मचारीहरूलाई क्षमता अभिवृद्धि गर्दा रेड सम्बन्धि कार्य सञ्चालन गर्नको लागि अझ सजिलो भएको छ । अतयवः रेड डेस्कलाई थप सुदृढ गर्न आबश्यक देखिन्छ ।

- जिल्लाहरूमा डिभिजन वन कार्यालयहरू, सब डिभिजन वन कार्यालयहरू, जलाधार व्यवस्थापन कार्यालयहरू, बृहद जलाधार व्यवस्थापन केन्द्रहरू, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिका कार्यान्वयन इकाईहरू, वन उद्यमीहरू, स्थानीय समुदायमा आधारित वन व्यवस्थापन समूहरू लगायत अन्य सरोकारवालाहरूसँग जति समन्वय गर्न सक्यो त्यति नै यस कार्यक्रम प्रति अपनत्व वढेको महसुस भएको छ ।
- अझ, रेड कार्यान्वयन तथा रेडप्लस सम्बन्धि बुझाई स्थानीय तह तथा कार्यालयहरूमा पनि प्रष्ट गराउन आबश्यक महसुस गरिएको छ । रेड प्लस सम्बन्धि अवधारणा नयाँ भएको हुनाले प्रचार प्रसार तथा निरन्तर अन्तरक्रियाको आवश्यक देखिएको छ ।

### ४.४ विश्व बैंकसँग कार्यक्रम कार्यान्वयन गर्दाका सिकाइहरू

यो कार्यक्रमको कार्यान्वयनमा अन्य केही संस्थाहरूले पनि सहयोग गरेको भएतापनि विश्व बैंक नै प्रमुख साझेदारको रूपमा सहयोगी निकाय हो । यसरी विश्व बैंकसँग कार्य गर्दाको अनुभव र सिकाइहरू निम्न बमोजिम रहेको छ ।

